# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १०  अंक २७८  काठमाडौं  मंगलबार, २३ माघ २०८०  Prabhab National Daily  Tuesday, February 6, 2024  www.prabhabonline.com  पृष्ठ ८  मूल्य रू. ५।–


## संघीय संसद्मा नयाँ अभ्यास

- पहिलोपटक संसदीय क्यालेण्डर लागू
- सांसदहरूको विद्युतीय हाजिरी अनिवार्य
- प्रि-बजेट छलफल हिउँदे अधिवेशनमा
- जनताको सुझाव पनि लिइने



■ जेबी योञ्जन

**काठमाडौं–** संघीय संसद्को हिउँदे अधिवेशनसँगै नयाँ संसदीय अभ्यास सुरु भएको छ । संसदीय गतिविधिलाई समयबद्ध सञ्चालन गर्न संसदीय क्यालेण्डर लागू गरिएको छ । यसलाई संसदीय तालिका पनि भनिन्छ । कार्यतालिका आगामी १५ फागुनसम्मका लागि स्वीकृत भएको छ ।

सोमबार बिहान संघीय संसद् भवन नयाँ बानेश्वरमा बसेको प्रतिनिधिसभाको कार्यव्यवस्था परामर्श समितिको बैठकले क्यालेण्डर स्वीकृत गरेको हो । अब प्रतिनिधिसभा र राष्ट्रिय सभा क्यालेण्डरअनुसार चल्ने छन् । क्यालेण्डरमा प्रतिनिधिसभा र राष्ट्रिय सभाका बैठक कुन महिनाको कुन दिन बस्छ ? के कार्यसूची रहन्छ ? भन्ने तय गरिएको छ ।

राष्ट्रिय सभाको कार्यव्यवस्था परामर्श समितिले पनि यसअघि नै फागुन महिनासम्मको संसदीय क्यालेण्डर स्वीकृत गरिसकेको छ । समितिले गत बुधबार क्यालेण्डर स्वीकृत गरेको हो । क्यालेण्डर लागू भएपछि बैठक बस्ने दिनका बारेमा हुने द्विविधा अन्त्य हुने कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले विश्वास व्यक्त गरे ।

यसपटक हिउँदे अधिवेशनमै बजेटपूर्वको (प्रि-बजेट) छलफल गरेर बजेटको सिद्धान्त र प्राथमिकताबारे छलफल हुँदै छ । यसका लागि आवश्यक कानुनी व्यवस्था गर्न सरकारले 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८०' ल्याएको छ ।

अर्थमन्त्री डा. प्रकाशशरण महतले उक्त अध्यादेश संसद् बैठकमा पेस गरेका छन् । जहाँ फागुन महिनामै बजेटको सिद्धान्त र प्राथमिकतामाथि छलफल हुने प्रावधान उल्लेख छ । यसअघि भने



लोकतन्त्रमा जनता सबैभन्दा माथि हुन्छन् । जनताको प्रतिक्रिया र सुझावलाई आत्मसात् गर्दै आगामी अधिवेशन नतिजामुखी हुने विश्वास छ ।

■ **देवराज घिमिरे**, सभामुख

वर्षे अधिवेशनमामात्रै बजेटपूर्वको छलफल हुने गरेको थियो । यो परम्परा यसपटक तोडिने भएको छ । वर्षे अधिवेशनमामात्रै बजेटपूर्वको छलफल हुँदा सांसदहरूको सुझाव बजेटमा समेट्न नसकिएको गुनासो थियो । उनीहरूको गुनासोलाई मध्यनजर गर्दै सभामुख देवराज घिमिरेले हिउँदे अधिवशेनलाई सम्बोधन गर्दै केही नयाँ संसदीय अभ्यास गर्न लागिएको सुनाएका थिए । त्यसपछि संसदीय क्लालेण्डरदेखि बजेटपूर्वको छलफल हिउँदे अधिवेशनमा पनि गर्ने सभामुख घिमिरेले बताएका हुन् । उनका अनुसार १५ फागुनदेखि छलफल हुने छ । छलफलमा सांसदहरूले उठाएका विषयहरूलाई बजेटमा समावेश गर्ने सुनिश्चितता प्रधानमन्त्री, अर्थमन्त्री, कानुन न्याय तथा संसदीय मामिलामन्त्रीलगायतबाट गराइने पनि भनिएको छ । यदि, बजेटमाथिको छलफलमा सांसदहरूले दिएको सुझावअनुसार बजेट संशोधन भए यो साँच्चिकै नयाँ अभ्यास हुने छ ।

अर्कातिर सोमबारदेखि प्रतिनिधिसभा सदस्यहरूको विद्युतीय हाजिरी सुरु भएको छ । यसअघि त्यस्तो व्यवस्था थिएन ।

(क्रमशः पृष्ठ २ मा)

## धरहराको पार्किङमा बालेन–रमण जेभीको लडाइँ

- पुस २५ गते बालेनले टुँडिखेलमा धरहरा निर्माणका लागि बसेका मजदुरहरूको टहरामा डोजर चलाए
- पार्किङ खुलाएसँगै धरहरा निर्माण कम्पनी रमन जेभी कन्स्ट्रक्सनले पार्किङका कारण अवरोध भएको भन्दै सहरी विकास मन्त्रालयसँग पोख्यो असन्तुष्टि
- लगत्तै सहरी विकास तथा भवन निर्माण विभाग केन्द्रीय आयोजना कार्यान्वयन एकाइले पार्किङ रोक्न पत्र पठायो, यही पत्रका कारण बालेन संघीय सरकारसँग आक्रोशित




■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीका न्युरोड, असन, इन्द्रचोक क्षेत्रमा अव्यवस्थित पार्किङ हटाएपछि काठमाडौंका मेयर बालेन्द्र (बालेन) साहको कसैले विरोध गरे भने कसैले समर्थन । व्यापारको मन्दी खेपिरहेका व्यवसायी उनको कदमबाट आक्रोशित बने । अघिल्ला कदमहरूमा वाहवाही पाइरहेका बालेनले न्युरोड क्षेत्रमा 'नो पार्किङ' अभियान चलाउँदा बढी आलोचना खेप्नुपर्‍यो ।

झट्टै बालेनले 'ट्रिक' लगाए, नजिकै रहेको धरहराको बेसमेन्ट खुलाउने । दसैंतिहारमा खुल्ला गरेको धरहराको बेसमेन्ट पार्किङ बालेनले खुल्ला गरिदिए त्यो पनि घोषणा । माघ १४ बाट पार्किङ खुलेसँगै बालेनको वाहवाही फर्कियो । न्युरोडमा 'नो पार्किङ' भन्दा आलोचना गर्नेहरू चुप लाग्न बाध्य भए ।

केही दिन नबित्दै बेसमेन्टमा अँध्यारो भएको, दुई पांग्रे सवारीसाधन लड्ने किसिमका घटना बढ्न थाले । त्यसपछि यहाँ पार्किङ गर्न आउनेहरूले आयोजनालाई गुनासो पर्न थाले । जिआइइसी-रमन जेभीले यो



अघिल्लोपटक नै टुँडिखेलमा मजदुरहरु बस्ने सहमति भएको रहेछ । महानगरपालिकाले मजदुरहरूलाई रातारात हटाउने काम भयो । निर्माण व्यवसायीले त्यसै त काम गरिरहेको छैन ? झन् निहुँ पाएर काम अघि बढेन भने कसले जिम्मा लिने ?

■ **सीता गुरुङ**, मन्त्री, सहरी विकास



तोकिएको समयमा निर्माण भइनसक्ने, भित्तामा नाम लेख्ने हतारोमा निर्माण नभइ उदघाटन हुनेजस्ता प्रवृत्तिलाई भ्रष्टाचारकै नयाँ प्रकृति मानिने राष्ट्रिय नीति बनाऔं । संघीय र प्रदेश संसद् तथा संघीय र प्रदेश सरकारले त्यस्तो नीति पारित गर्न जरुरी छ ।

■ **बालेन्द्र साह**, प्रमुख, काठमाडौं महानगरपालिका

आयोजनाको जिम्मा लिएको छ । अँध्यारोमात्र हैन, चिप्लो, सिसिटिभी नराखिएको, अव्यवस्थित अवस्थामा देखिएकोले पार्किङ बन्द गर्नु नै रमन जेभीले उचित ठान्यो । निर्माण पूरा नहुँदै पार्किङ बढ्दा निर्माण कार्यमा पनि केही अवरोध आएको भन्दै रमज जेभीले पार्किङ बन्द गर्नुपर्ने निष्कर्ष निकाल्यो ।

यसअघि पनि निर्माण कम्पनी र बालेनको टुँडिखेलमा टक्कर परिसकेको थियो । टुँडिखेलमा त्यहाँका मजदुरलाई हटाउने र सामानै हटाउन लगाएका कारण बालेनसँग निर्माण कम्पनी रुष्ट थियो । पुस २५ गते बालेनले टुँडिखेलमा धरहरा निर्माणका लागि बसेका मजदुरहरूको टहरामा डोजर लगाइदिएका थिए । ६० जना मजदुरले आफूहरूले तीन महिनादेखिको तलब नपाइरहेको अवस्थामा टहराबाट हटाएको गुनासो गरेका थिए । रमन जेभीले पार्किङका कारण अवरोध भएको भन्दै सहरी विकास मन्त्रालयसँग असन्तुष्टि पोख्यो । सहरी विकासमन्त्रालय चाँडोभन्दा चाँडो धरहरा निर्माण सम्पन्न गर्ने लक्ष्यमा थियो ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

## भाषा र सीप अभावमा ठगिँदै नेपाली श्रमिक

■ अशोक घिमिरे

**काठमाडौं-** केही महिनाअघि साउदी अरबको एक कम्पनीले त्यहाँ कार्यरत २२ नेपाली श्रमिकलाई कामबाट निकाल्यो । उक्त खबर बाहिरिएसँगै सरकारले साउदीको रियादस्थित नेपाली दूतावासलाई सो सम्बन्धमा बुझ्न निर्देशन दियो ।

दूतावासबाट श्रम काउन्सेलरसहित उच्च अधिकारी कम्पनीमा पुगेर श्रमिक निष्कासनका सम्बन्धमा सोधखोज गरे । कम्पनीले जवाफ दियो, 'नेपाली श्रमिकले भाषा नबुझ्दा तोकिएको काम गर्न सकेनन् । श्रमिकलाई गोदाम व्यवस्थापनको जिम्मेवारी तोकिएको थियो । भाषा नजानेकै कारण कम्पनीको नियमानुसार गोदाम मिलाउन नसक्दा उनीहरू निष्कासनमा परे ।'

नेपालीको प्रमुख श्रम गन्तव्यका रूपमा रहेको संयुक्त अरब इमिरेट्स (युएई)ले श्रमिक कल्याणसम्बन्धी सम्पूर्ण सेवालाई 'डिजिटल' बनाएको छ । श्रमिक अधिकार हनन् भएका विषयमा उजुरी गर्ने, सुनुवाइ तथा तलब सेवा सुविधाबारे सम्पूर्ण जानकारी अनलाइनबाटै उपलब्ध गराउन थालेको छ । तर भाषा नबुझ्दा नेपाली श्रमिकले उक्त सुविधाको प्रयोग गर्न नसकिरहेको विभिन्न अध्ययनले देखाएका छन् ।

गन्तव्य मुलुकमा बोलिने भाषा, कानुन, रहनसहन, चालचलनबारे पर्याप्त जानकारीको अभावमा थुप्रै नेपाली श्रमिक दैनिक विविध समस्यासँग जुधिरहनुपरेको सरकारी अधिकारीको बुझाइ छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव एवं प्रवक्ता राजीव पोखरेल पछिल्लो समय भाषा र सीपको अभावमा नेपाली श्रमिकले गन्तव्य मुलुकमा विविध समस्या भोगिरहेका स्वीकार्छन् ।

भाषा नजान्दा नेपाली श्रमिकले भोग्नु परेका समस्याको दीर्घकालीन समाधानका लागि सरकारले वैदेशिक रोजगारीमा जाने दक्ष र अर्ध दक्ष कामदारका लागि आधारभूतस्तरको अंग्रेजी भाषा परीक्षण अनिवार्य गर्ने तयारी गरेको छ । त्यसका लागि मन्त्रालयले (मन्त्रीस्तरीय निर्णयबाट) प्रक्रिया अघि बढाएको छ ।

पहिलो चरणमा दक्ष र अर्धदक्ष कामदारलाई आधारभूतस्तरको अंग्रेजी भाषा परीक्षण तथा दोस्रो चरणमा अन्य श्रमिकलाई पनि अंग्रेजी भाषा परीक्षण अनिवार्य गर्ने सरकारको योजना छ । सरकारले नीति तथा कार्यक्रममा

गन्तव्य मुलुकमा बोलिने भाषा, कानुन, रहनसहन, चालचलनबारे पर्याप्त जानकारीको अभावमा थुप्रै नेपाली श्रमिक दैनिक विविध समस्यासँग जुधिरहनुपरेको सरकारी अधिकारीहरु स्वीकार गर्छन् ।

पनि वैदेशिक रोजगारीमा जाने श्रमिकलाई दक्ष बनाएर मात्रै पठाउने उल्लेख गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले अन्तर्राष्ट्रिय श्रमबजारमा प्रतिस्पर्धी सीपयुक्त श्रमिकमात्र पठाइनुपर्ने दोहोर्‍याउँदै आएका छन् ।

वैदेशिक रोजगारीमा जाने दक्ष र अर्धदक्ष कामदारका लागि अन्तर्राष्ट्रियस्तरको आधारभूत अंग्रेजी भाषा परीक्षा दिएको प्रमाणपत्र पेस गरेपछि मात्रै श्रम स्वीकृति दिने मन्त्रालयको तयारी छ । अर्धदक्षका हकमा न्यूनतम प्रारम्भिक तह र दक्षका हकमा प्राथमिक तहसम्मको भाषा ज्ञानको प्रमाणपत्र अनिवार्य गर्न लागिएको छ ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ), अन्तर ाष्ट्रिय आप्रवासन संगठन (आइओएम)लगायत श्रम आप्रवासनसँग सम्बन्धित संघसंस्थाले पनि श्रमिकलाई भाषा र सीप सिकाएर गन्तव्य मुलुकमा पठाउन विश्वव्यापी 'लबिइङ' गरिरहेका छन् । नेपालले पनि कोलम्बो प्रोसेस, आबुधावी डायलगलगायत अन्तर्राष्ट्रिय मञ्चमा सीपयुक्त श्रमिक पठाउने प्रतिबद्धता व्यक्त गरिरहेको छ ।

श्रमिकलाई निश्चित मापदण्डभित्र रही अंग्रेजी भाषा सिकाएर पठाएपछि गन्तव्य मुलुकमा आइपर्ने विविध समस्यासँग सहजै जुध्न सक्ने सरकारको विश्वास छ । भाषासम्बन्धी ज्ञानको अभावमा नेपाली हजारौं श्रमिकले दुःख बेहोरिरहेका छन् । भाषा र सीपलाई पुँजी निर्माणको महत्त्वपूर्ण साधनका रूपमा लिनुपर्ने सहसचिव पोखरेल बताउँछन् । वैदेशिक रोजगारीमा जानु अगाडिको सानो लगानीले ठूला अवसरको ढोका खुल्ने उनको भनाइ छ । अंग्रेजी भाषामा दख्खल भएसँगै श्रमिकको आत्मविश्वास बढ्ने र त्यसबाट अन्य मुलुकमा उपयुक्त अवसरका लागि प्रतिस्पर्धा गर्न प्रेरणा मिल्ने जानकारको भनाइ छ ।

भाषासम्बन्धी ज्ञानको अभावमा कतिपय नेपाली श्रमिक गन्तव्य मुलुकमा आकर्षक सेवा सुविधाको कामबाटसमेत वञ्चित हुनु परिराखेको अवस्था छ । भाषा नजान्दा कतिपय श्रमिकले सडक दुर्घटनामा परेर मृत्युवरण गर्नुपरेको उदाहरण प्रशस्तै छन् ।

(क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

### संघीय संसद्मा...

संसद्मा महत्त्वपूर्ण विधेयकमाथि छलफल हुने कार्यसूची हुँदा पटक-पटक कोरम (गणपूरक संख्या) नपुग्ने समस्या रहेको र त्यसलाई निमिटयान्न पार्न विद्युतीय हाजिरीलाई अनिवार्य गरिएको हो ।

राष्ट्रिय सभामा भने यसअघिदेखि नै सांसदहरूको विद्युतीय हाजिरी हुँदै आएको छ । प्रतिनिधिसभामा यस्तो व्यवस्था पहिलोपटक भएको हो । संसद् बैठकमा उपस्थित सांसदहरूको दैनिक उपस्थिति सार्वजनिक पनि गरिने भएको छ ।

यससँगै यसपटक संसद्ले पहिलोपटक जनताको सुझाव लिने भएको छ । संसद्लाई प्रभावकारी बनाउन जनताको सुझाव लिने सभामुख घिमिरेले बताए । उनका अनुसार संसदीय क्रियाकलापको समीक्षा र कमजोरीमाथि सुधार गर्न पनि यसो गर्न लागिएको हो ।

उनले भनेका छन्, 'संसदीय क्रियाकलापको समीक्षा र कमजोरीको सुधारले यस संस्थाप्रतिको विश्वास र भरोसा वृद्धि हुँदै जान्छ । किनभने लोकतन्त्रमा जनता सबैभन्दा माथि हुन्छन् । जनताको प्रतिक्रिया र सुझावलाई आत्मसात् गर्दै आगामी अधिवेशन नतिजामुखी हुने विश्वास व्यक्त गर्दछु ।'

गएको वर्षे अधिवेशनमा अत्यावश्यक मानिएका थुप्रै कानुन निर्माण नै भएन । यसपटक हिउँदे अधिवेशनमा भने सरकारले कानुन निर्माणलाई उच्च प्राथमिकतामा राख्ने भएको छ । सोहीअनुसार ११७ वटा विधेयकको प्रारम्भिक मस्यौदा कानुन मन्त्रालयमा पुगेको छ । मन्त्रालयले सबै मन्त्रालयहरूसँग छुट्टाछुट्टै छलफल गरी प्राथमिकीकरण गरेको छ । जसमध्ये ६३ वटा विधेयक, ३९ वटा विधेयक र १५ वटा विधेयकलाई एक ठाउँमा राखेर प्राथमिकीकरण गरिएको छ ।

सर्वाधिक प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र कानुन मन्त्रालयले ३९ वटा विधेयकलाई अगाडि बढाउने तयारी गरेको छ । संसद्मा विचाराधीन अवस्थाका विधेयकहरूलाई पनि सरकारले प्राथमिकतामा राखेको छ ।

संक्रमणकालीन न्यायसम्बन्धी विधेयक, विद्यालय शिक्षा विधेयक, सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयक, संवैधानिक परिषद्सम्बन्धी विधेयकलाई सरकारले उच्च प्राथमिकतामा राखेको छ । यसबारे प्रधानमन्त्री पुष्पकमल दाहालले पनि जानकारी दिइसकेका छन् ।

हाल प्रतिनिधिसभामा २० वटा विधेयक विचाराधीन छन् । राष्ट्रिय सभामा तीनवटा विधेयक विचाराधीन रहेको संसद् सचिवालयले जनाएको छ । यस आधारमा दुवै सदनमा विचाराधीन विधेयकको संख्या २३ हो । तर, यी विधेयकहरू पनि पारित हुन्छ कि हुँदैन ? किटानसाथ भन्न सकिने अवस्था छैन । यसअघि वर्षे अधिवेशनमा अत्यावश्यक कानुन निर्माणमा सरकार चुकेको थियो ।

■■■

### धरहराको पार्किङमा...

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७८ वैशाख ११ गते निर्माण पूरा नभई उद्घाटन गरेको धरहरा अझै बनिसकेको छैन । त्यसैले निर्माण कम्पनीको असन्तुष्टिलाई ध्यानमा राखी सहरी विकास तथा भवन निर्माण विभाग केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (भवन तथा आवास) ले माघ १८ गते बिहीबार महानगरपालिकालाई पत्र काट्दै भन्यो, 'त्यहाँ महानगरपालिकाबाट पार्किङ सञ्चालन गराएको कारणबाट निर्माण व्यवसायी श्री जिआइइटिसी-रमन जेभीको तर्फबाट २०८० माघ १७ गतेको पत्रबाट आयोजनामा क्षति हुनसक्ने बताउँदै आर्थिक क्षतिपूर्ति एवं आयोजना सम्पन्न गर्न थप म्याद चाहिने भनी माग पेस भएकाले उक्त पार्किङ गर्ने कार्य तत्काल बन्द गरी आयोजनालाई समयमै सम्पन्न गर्ने कार्यमा सहयोग गरी दिनुहुन पुनः निर्देशानुसार अनुरोध छ ।'

धरहरा निर्माण केन्द्रीय आयोजना कार्यान्वयन एकाइका निमित्त आयोजना निर्देशक झप्परसिंह विश्वकर्माले जारी गरेको पत्रमा थप भनिएको छ, 'निर्माण सम्पन्न हुने चरणमा पुगेको अवस्थामा एकाएक यस एकाइ वा यस एकाइको तालुक निकायहरूसँग कुनै समन्वय एवं जानकारी नै नगरी त्यहाँबाट एकतर्फी ढंगले एक तला भूमिगत पार्किङ खुल्ला गरिनु उचित छैन ।'

लगत्तै माघ १९ गते शुक्रबार एक विज्ञप्ति जारी गर्दै सहरी विकास मन्त्रालयले निर्माणाधीन धरहराको काम जतिसक्दो छिटो सम्पन्न गरी सर्वसाधारणलाई पार्किङ सुविधा यथाशक्य चाँडो उपलब्ध गराउने मन्त्रालयको चाहना भएको तर महानगरको बलजफ्तीका कारण योजनामा बाधा उत्पन्न हुने देखिएको तर्क मन्त्रालयले गऱ्यो ।

बालेन र निर्माण कम्पनीको टसल समन्वय गर्न संघीय सरकार लागेको देखिन्छ । तर बालेन संघीय सरकारमाथि नै क्रुद्ध बने । सोमबार बिहानै सामाजिक सञ्जाल फेसबुकमार्फत उनले आफ्नो आक्रोश पोखे । पूर्वप्रधानमन्त्री ओली र पूर्वमेयर विद्यासुन्दर शाक्यमाथि रोष पोख्दै बालेनले पत्रमाथि नै प्रश्न उठाए । 'सर्वसाधारणका लागि पार्किङ खुला गर्दा पत्र लेखिन्छ- धरहरा निर्माण हुँदै छ । पार्किङ बन्द गर्नू,' बालेनले लेखेका छन्, 'उद्घाटन गरेको दुई वर्ष नौ महिनापछि पनि बनाएर नसकिएको लाज त्यागेर पत्र लेख्नुको औचित्य के हो ? पार्किङ बन्द गर्न महानगरमा पत्र लेख्नुभन्दा तत्कालीन प्रधानमन्त्री केपी ओलीले भन्नुभएको थियो 'नबनेको भए म बीसौं तलामा कसरी पुगें' भनेर निर्लज्ज प्रतिप्रश्न गर्नेहरूलाई पत्र लेख्नु उपयुक्त हुन्छ ।'

बालेनले ओलीको कार्यलाई भ्रष्टाचारको नयाँ प्रकृतिका रूपमा उल्लेख गर्नुपर्ने मागसमेत अघि सारे स्टाटसमार्फत । 'तोकिएको समयमा निर्माण भइनसक्ने, भित्तामा नाम लेख्ने हतारोमा निर्माण नभइ उदघाटन हुनेजस्ता प्रवृत्तिलाई भ्रष्टाचारकै नयाँ प्रकृति मानिने राष्ट्रिय नीति बनाऔं । संघीय र प्रदेश संसद् तथा संघीय र प्रदेश सरकारले त्यस्तो नीति पारित गर्न जरूरी छ । निर्माण सम्पन्न नभइ उद्घाटन गर्ने कुप्रवृत्तिलाई निरूत्साहित गरौं,' बालेनले थप लेखेका छन् ।

बालेनले धरहराको बेसमेन्टमा पार्किङ खुल्लै रहेको दाबी गर्दै ठेक्का लिनेहरूले सरकारी सम्पत्तिमाथि रजाइँ गर्ने मनसाय देखाएका आरोपसमेत लगाए ।

यही विषयमा संघीय सरकारका सहरी विकासमन्त्री सीता गुरुङले भने महानगरले विधिको शासन उल्लंघन गरेको आरोप लगाइन् । अरूले गल्ती गरे भनेर अहिले सरकारलाई गल्ती गर्ने छुट नभएको गुरुङको भनाइ थियो । 'काम गर्दागर्दै आयोजनालाई जानकारी नै नदिई पार्किङ खुलायो । तीन तलाको बेसमेन्ट छ । निर्माण कार्य नसकेकोले यहाँ एयर कन्डिसन, बत्ती, आगलागीको पूर्वसुरक्षा, सिसी क्यामरा छैनन्,' मन्त्री गुरुङले भनिन्, 'पहिलो त सुरक्षाको कुरा भयो । पार्किङमा जाँदा अक्सिजन पुगेन भने कसले ब्यहोर्ने ? केही सामान चोरी भयो भने के गर्ने ? यो त विधिको शासन भएन नि ।'

फागुनभित्र सकिनेगरी काम धमाधम भइरहेकोमा टुँडिखेलबाट कामदार हटाउनेदेखि पूर्वाधार नबन्दै पार्किङ खुलाएर बालेनले अवरोध गर्ने काम गरेको गुरुङको आरोप थियो । 'धरहरा उद्घाटन भएको एउटा विषय छ । उद्घाटनमै प्रश्न छ । यसलाई पूरा गर्न मैले पनि धेरै प्रयास गरेकी छु । फागुनभरमा सकाउने सहमति छ,' गुरुङ भन्छिन्, 'अघिल्लोपटकमै टुँडिखेलमा मजदुरहरू बस्ने सहमति भएको रहेछ । महानगरपालिकाले मजदुरहरूलाई रातारात हटाउने काम भयो । निर्माण व्यवसायीले त्यसै त काम गरिरहेको छैन ? झन् निहुँ पाएर काम अघि बढेन भने कसले जिम्मा लिने ?'

■■■

### भाषा र सीप अभावमा...

'केही श्रमिक आफूले गल्ती नगरेको भए पनि आफ्नो कुरा राख्न नजान्दा जेलसमेत परेका विषय सरकारको जानकारीमा आएको छ,' मन्त्रालयका प्रवक्ता पोखरेल भन्छन्, 'अंग्रेजीमा कमजोर हुँदा कतिपय श्रमिकले उच्चकोटीको काम प्राप्त गर्न सकेका छैनन्, न्यूनतम सेवासुविधामा चित्त बुझाएर बस्नु परेको अवस्था छ ।'

वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि अनिवार्य गरिएको पूर्वप्रस्थान अभिमुखीकरण तालिममा अंग्रेजी भाषा परीक्षण समावेश गरिएको छैन । छोटो अवधिको पूर्वप्रस्थान अभिमुखीकरण तालिममा आधारभूतस्तरको अंग्रेजी भाषा सिकाइ पर्याप्त नहुने जानकारको भनाइ छ ।

नेपालबाट विभिन्न मुलुकमा श्रम स्वीकृति लिएर जाने श्रमिकमध्ये अदक्ष श्रमिकको हिस्सा निकै ठूलो छ । गत आर्थिक वर्षमा छ लाख ९९ हजार १९३ पुरुष र ७२ हजार १३४ महिला गरी कूल सात लाख ७१ हजार ३२७ नेपाली श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका थिए । तीमध्ये २५७ उच्च दक्ष, एक हजार १५२ व्यावसायिक, ६० हजार ५५५ अर्धदक्ष, पाँच लाख छ हजार ७४६ दक्ष र दुई लाख दुई हजार ६१६ अदक्ष श्रमिक थिए ।

विभागका अनुसार चालु आवको छ महिनामा तीन लाख ४३ हजार ४०५ नेपाली श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन् । तीमध्ये दक्ष र अर्धदक्ष कामदारको संख्या क्रमशः दुई लाख ४३ हजार ६२६ र २८ हजार ९४७ छ । सरकारले संस्थागत रूपमा १११ मुलुकमा वैदेशिक रोजगारीका लागि खुला गरेको छ ।

'कामदारले प्रस्थान बिन्दुदेखि पहुँच बिन्दुसम्मको सुरक्षित यात्राका लागि अपनाउनुपर्ने तरिका तथा व्यवहार अंग्रेजी भाषामा लेखिएका सूचना तथा निर्देशन (बोर्डिङ पास, अध्यागमन प्रक्रिया, सुरक्षा जाँच, यात्रामा साथ लैजान निषेध गरिएका सामान, हवाई यात्रामा जारी सूचना, प्राविधिक जानकारी, ट्राञ्जिट व्यवस्थापन, समस्या पर्दा सुरक्षाकर्मीसँगको सूचना गर्न) जान्नका लागि पनि भाषा अत्यावश्यक छ,' आधारभूत अन्तर्राष्ट्रियस्तरको अंग्रेजी भाषा सीप/ ज्ञानको आवश्यकता प्रस्ट्याउँदै सहसचिव पोखरेलले भने ।

वैदेशिक रोजगारमा जाने नेपाली श्रमिक अंग्रेजी भाषाको ज्ञानको अभावमा व्यावहारिक कठिनाइका साथै कतिपय अवस्थामा फौजदारी अभियोगमा जेल सजायसमेत भोग्नुपरेको मन्त्रालयले जनाएको छ । भाषाको ज्ञान नहुँदा श्रमको सम्मान र कार्यस्थलमा सञ्चार सीप अभावमा आफ्नो गुनासो राख्न नसक्नु, कार्यस्थलमा अपनाउनुपर्ने सुरक्षा कवचको प्रभावकारी उपयोग गर्न नसक्ने अवस्था देखिएको छ ।

अंग्रेजी भाषाको पर्याप्त ज्ञान भएसँगै आपत्कालीन अवस्थामा सुरक्षित रहन, कामदारले भोग्नु परेका समस्या समाधान गर्न, जोखिम र दुर्घटना न्यूनीकरण गर्न, अध्यागमन, बैंकिङ काममासमेत मद्दत पुग्ने तथा कार्यसम्पादन र व्यक्तित्व विकासमा महत्त्वपूर्ण योगदान मिल्ने मन्त्रालयको भनाइ छ । *रासस*

# बूढानीलकण्ठ नगर क्षेत्र अब सिसिटिभीको निगरानीमा



**काठमाडौं (प्रस)-** बूढानीलकण्ठ नगरपालिकाका विभिन्न क्षेत्रमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई)मा आधारित सिसिटिभी जडान गरिएको छ । काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी र बूढानीलकण्ठ नगरपालिकाको संयुक्त प्रयासमा १८१ वटा सिसी क्यामरा जडान गरिएको हो ।

यससँगै बूढानीलकण्ठ क्षेत्र पनि अब उपत्यका प्रहरीको प्रत्यक्ष निगरानीमा रहने भएको छ । 'प्रविधिमैत्री प्रहरी'को अवधारणाबमोजिम सिसिटिभी क्यामरा जडान गरिएको आइतबार आयोजित उद्घाटन समारोहमा जानकारी दिइयो ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक दीपक थापा र बूढानीलकण्ठ नगरपालिकाका प्रमुख मिठाराम अधिकारीले संयुक्तरूपमा सिसी क्यामराको उद्घाटन गरे । 'सुरक्षित काठमाडौं उपत्यका : हाम्रो प्रतिबद्धता' भन्ने अभियानअन्तर्गत गत वैशाख १२ गते पाँच करोड रूपैयाँमा सम्झौता भई सिसी क्यामरा जडान सुरु गरिएको थियो । जडान सम्पन्न भएसँगै आइतबारदेखि उपत्यका प्रहरीले सो क्षेत्रको निगरानी सुरु गरिसकेको काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दिनेशराज मैनालीले जानकारी दिए ।

बूढानीलकण्ठ रुट, मानबहादुर मार्ग-चुनिखेल रुट र कपन रुटका ७९ स्थानमा सात पिटिजेडसहित १७४ स्थायी सिसी क्यामरा गरी जम्मा १८१ थान एआईमा आधारित सिसी क्यामरा जडान गरिएको प्रवक्ता मैनालीले बताए ।

नगरपालिकाका प्रमुख मिठाराम अधिकारीले बूढानीलकण्ठ क्षेत्रमा शान्ति, सुरक्षा कायम गर्न र अपराध नियन्त्रण गर्न काठमाडौं उपत्यका प्रहरी कार्यालयसँग हातेमालो गर्दै जाने बताए । प्रथम चरणमा सिसिटिभी जडान सकिएको र अब पुनः दोस्रो चरणमासमेत सहयोग उपलब्ध गराइने उनले जानकारी दिए ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : TARIQ AL GHANIM GENERAL TRADING AND CONTRACTING CO**

पुर्व स्वीकृति मिति २०८०/१०/२२ LT. No. 299419 चलानी नं. ६०२१४३७२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Helper/Labour | 40 | 0 | 95 | ४१,३४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 100 | 0 | 130 | ५६,५७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन ३ देखि ९ गते (15-21 Feb. 2024) सम्म हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nile International Manpower Agency Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com
/nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com

श्रम ईजाजत नं. ८२०/०६६/०६७


## हाम्रो त्रिवेणी वचत तथा ऋण सहकारी संस्था लि.

**को नाममा रहेको**

### गैरबैंकिङ सम्पत्ति बिक्री सम्बन्धी ७ दिने अत्यन्त जरूरी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/१०/२३ गते**

यस संस्थाको नाममा रहको तपशिल बमोजिमको जग्गा बिक्री वितरण गर्ने भनी निर्णय भएको हुँदा तपशिलका जग्गाहरू खरिद गर्न इच्छुक नेपाली नागरिकहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित जग्गा खरिद गर्न चाहनुहुने महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस संस्थामा आई बोलपत्र फाराम खरिद गरी बोलपत्र फाराम भरी सो फाराममा आफूले कबोल गरेको रकम प्रष्ट रूपमा उल्लेख गरी बोलपत्र पेश गर्न हुन गैरबैंकिङ सम्पत्ति बिक्री सम्बन्धी यो सूचना प्रकाशित गरिएको छ । **अतः तपशिलमा लेखिएका शर्तका अधिनमा रही बोलपत्र खोलिने व्यहोरा समेत सबैका लागि अनुरोध गरिन्छ ।**

**तपशिल**

| जग्गाधनीको नाम | जिल्ला | गाविस | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| हाम्रो त्रिवेणी बचत तथा ऋण सहकारी संस्था लिमिटेड | काठमाडौं | गागलफेदी | ४/४ ख | ५४२ | १२९.१५ व.मि. |

**शर्तहरू**

१. बोलपत्र फाराम यस संस्थाको केन्द्रीय कार्यालय बौद्धबाट लिन सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । बोलपत्र फाराममा आफूले लिन चाहेको अचल सम्पत्तिको विवरण यस संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मूल्य अंक र अक्षरमा भर्नु पर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
३. बोलपत्रमा आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको केन्द्रीय कार्यालयको नाममा रहेको नेपाल इन्भेष्टमेण्ट मेगा बैकं लि.मा रहेको खाता न.०२४०१०५०२५७५७२ मा जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
४. बिक्री हुने गैरबैंकसँग सम्पत्तिको निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्न अगावै यस संस्थाको केन्द्रीय कार्यालय बौद्धमा कार्यालय सञ्चालन समयभित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था वा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ दिनभित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्यादभित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ । नामसारी गर्दा लाग्ने दस्तुर, पूँजिगत लाभकर, पानी, बिजुली बत्ती, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ ।
६. बोलपत्र दाखिला भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरूमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ ।
८. बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने र लिलामसम्बन्धी सम्पूर्ण कार्य गर्ने अधिकार संस्थामा निहित हुनेछ ।
९. सूचना प्रकाशित भएको मितिले ७ औं दिनभित्र बोलपत्र पेश गर्न सकिनेछ । उक्त दिन विदा परेमा सो को भोलिपल्ट कार्यालय समयभित्र पेश गर्न सकिनेछ । सूचना प्रकाशित मितिले ७ औं दिन दिउँसो कार्यालय सञ्चालन समयभित्र संस्थाको केन्द्रीय कार्यालयमा बोलपत्र खोलिनेछ । यदि ८ औं दिनमा सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिनेछ ।
१०. प्राप्त भएका बोलपत्रहरू बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न संस्थालाई बाधा परेको मानिने छैन ।

Bagmati Province

Ministry of Health

Health Directorate

## Methinkot Hospital

Bhakundebeshi, Kavrepalanchowk

### Invitation for Sealed Quotation

**Name of the Office** : Methinkot Hospital
**Address of the Office** : Bhakundebesi, Kavrepalanchok
Invitation for Sealed Quotation for the Procurement of Free Essential Drugs.
**Sealed Quotation No** : MH/G/SQ/01/2080/081
**Date of Publication** : 2080/10/23

1. The Methinkot Hospital invites sealed quotations from registered Suppliers for the Procurement of Free Essential Drugs.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Methinkot Hospital, Bhakundebesi Kabhrepalanchok , Phone No: 977- 011404095, e-mail address: methinkothospital@gmail.com or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder shall purchase their bid electronically from PPMO's e-GP system www.bolpatra.gov.np/egp.. Bidders should deposit the NPR 1,000.00 cost of bidding document in the following Rajaswa (revenue) account as specified below .
   **Information to deposit the cost of bidding document in Bank :**
   i. **Name of the Bank** : Rastriya Banijya Bank, Dhulikhel
   ii. **Name of Office** : Pradesh Lekha Ekai Karyalaya , Dhulikhel, Kavrepalanchwok
   iii. **Bank Account no.** : 1000100200100000(Revenue A/c )
   iv. **Office Code no** : 3700126013
   v. **Rajaswa (revenue) Shirshak no.** : 14229
4. Sealed bids must be submitted to the office of the **Methinkot Hospital, Bhakundebesi, Kavrepalanchok** through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or **12:00Hr** on **2080/11/09**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00Hr 2080/11/09** at the office of **Methinkot Hospital, Bhakundebesi, Kabhrepalanchok**. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs.40,000.00** , which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account **No.1040100202030000** at [Rastriya banijya Bank, Dhulikhel Dharauti Khata and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

### उपनिर्वाचन तयारी

# मतदाता नामावलीमा नाम दर्ता गर्न आयोगको आग्रह




**काठमाडौं (प्रस)**- निर्वाचन आयोगले विभिन्न तहमा रिक्त उपनिर्वाचनका लागि मिति तोक्नुभन्दा अगाडि मतदाता नामावलीमा छुटेका योग्य नेपाली नागरिकलाई आफ्नो नाम दर्ता गर्न आग्रह गरेको छ ।

ती पदमा उपनिर्वाचनमार्फत पदपूर्ति गर्न नेपाल सरकारसँग परामर्श गरी उपयुक्त समयमा कानुनबमोजिम उपनिर्वाचनका लागि मिति तोक्ने गरी आन्तरिक तयारी प्रारम्भ गरिएको आयोगले जनाएको छ । विभिन्न कारणले मतदाता नामावलीमा नाम दर्ता गर्न छुट भएका देशभरका नागरिकका साथै विशेषगरी पद रिक्त भएका सम्बन्धित स्थानीय तह, प्रदेशसभा निर्वाचन क्षेत्र र प्रतिनिधिसभा निर्वाचन क्षेत्रभित्रका योग्यता पुगेका नागरिकलाई उपनिर्वाचनको मिति घोषणा हुनुपूर्व नै मतदाता नामावलीमा नाम दर्ता गर्न आयोगले सोमबार आग्रह गरेको हो ।

गत २०७९ वैशाख १० गते स्थानीय तह निर्वाचन तथा २०७९ मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन सम्पन्न भएपश्चात् विभिन्न स्थानीय तह, प्रतिनिधिसभा र प्रदेशसभा सदस्य गरी २३ पद रिक्त भएको थियो ।

मतदाता नामावली ऐन, २०७३ को दफा ४ (२) बमोजिम निर्वाचनको मिति तोकिएपछि सोही मितिदेखि उक्त निर्वाचन प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्य स्थगित गर्नुपर्ने कानुनी व्यवस्था छ । आयोगले नियमितरूपमा प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमार्फत मतदाता नामावली दर्ता गर्ने कार्य गर्दै आएको छ । साथै नागरिकको सहजताका लागि बाह्य जिल्लाबाट मतदाता नामावली दर्ता गर्न सकिने सुविधासमेत उपलब्ध गराएको आयोगले जनाएको छ ।

मतदाता दर्तासम्बन्धी विद्यमान कानुनी व्यवस्थाबमोजिम देशभरका योग्यता पुगेका सबै नेपाली नागरिकको मतदाता नामावलीमा नाम दर्ता भएकै छ भन्नेमा आयोग विश्वस्त रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

## दादुरा-रुबेलाविरुद्धको ६० लाख मात्रा खोप आयो

**काठमाडौं-** सरकारले दादुरा-रुबेलाविरुद्धको खोप ल्याएको छ । स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा. अभियान गौतमले दादुरा-रुबेलाविरुद्धको ६० लाख ५० हजार मात्रा खोप ल्याइएको जानकारी दिए । उनले दुई लाख ८० हजार मात्रा खोप आउन बाँकी रहेको बताए ।

अभियान सञ्चालन गरी करिब ५७ लाख बालबालिकालाई यो खोप लगाइने कार्यक्रम रहेको छ । उनका अनुसार भारतीय सेरम इस्टिच्युटले उत्पादन गरेको उक्त खोप गाभीको अनुदानमा उपलब्ध भएको हो । सरकारले देशभरि नै सम्भावित संक्रमणको जोखिमलाई मध्यनजर गर्दै १५ वर्ष मुनिका सबै बालबालिकालाई आगामी फागुन १३ गतदेखि चैत ७ गतेसम्म खोप अभियान सञ्चालन गर्ने जनाइएको छ ।

भारतसँग सीमा जोडिएका तथा दादुरा-रुबेलाको अतिसंक्रमित २१ जिल्ला र काठमाडौं उपत्यकाका तीन गरी २४ जिल्लामा नौ महिनादेखि १५ वर्ष मुनिका सबै बालबालिकालाई खोप लगाइने खोप शाखाका प्रमुख डा. गौतमले जानकारी दिए । क्रमशः ५१ जिल्लाका नौ महिनादेखि पाँच वर्षसम्मका बालबालिकालाई पनि खोप अभियानमा सहभागी गराइने उनको भनाइ थियो ।

सरकारले यसअघि नै भूकम्पका बेला जाजरकोट र पश्चिम रुकुममा खोप अभियान सञ्चालन गरिसकेको छ । सन् २०२६ सम्म दादुरा-रुबेला निवारण गर्ने लक्ष्यका साथ खोप अभियान सञ्चालन गर्न थालिएको हो ।

खोप आपूर्ति व्यवस्थापन शाखाका प्रमुख डा. सुरेन्द्र चौरसियाले खोप टेकुस्थित केन्द्रीय भण्डारण कक्षमा रहेको जनाउँदै चाँडै नै जिल्लामा पठाइने बताए । दादुरा-रुबेला भएको बेला ज्वरो आउने, शरीरमा राता बिबिरा आउने, रुघाखोकी लाग्ने, आँखा पाक्ने लक्षण देखिने भन्दै समयमा उपचार नगरेर आँखा नदेख्ने समस्याका साथै निमोनिया, कान पाक्नेलगायत समस्या हुने उनले जानकारी दिए ।

सामान्यता दादुरा-रुबेला लागेका बिरामीको आँखा पाकेर अन्धो हुने, कान पाकेर नसुन्ने, निमोनिया भएर श्वासप्रश्वास फेर्न समस्या हुने गर्दछ । गत वर्ष १९ जिल्लामा दादुरा-रुबेला महामारीका रूपमा फैलिएको थियो ।

## चिनियाँ नागरिक पक्राउ

**काठमाडौं (प्रस)**- अवैधरूपमा बाह्य मुलुकतर्फ लैजान लागेको २५ हजार अमेरिकी डलरसहित चिनियाँ नागरिकलाई नेपाल प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीको त्रिभुवन विमानस्थलस्थित सुरक्षा टोलीले अवैधरूपमा लुकाएर बाह्य मुलुकतर्फ लैजान लागेको १०० दरका २५० थान अमेरिकी डलरसहित चिनियाँ नागरिक २९ वर्षीय सियुआई विङक्यानलाई पक्राउ गरी सोमबार सार्वजनिक गरेको हो ।

चाइना साउथर्नको उडानमार्फत काठमाडौंबाट चीनको ग्वाञ्जाउ जान लागेको अवस्थामा उनलाई पक्राउ गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान ह्याण्ड ब्यागेज चेकिङ एरियामा जाँच गर्ने क्रममा विङक्यानलाई प्रहरीले पक्राउ गरेको हो । उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि पुल्चोकस्थित राजस्व अनुसन्धान विभागमा पठाइएको प्रहरीले जनाएको छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YELLOW RIVER TRADING

पुर्व स्वीकृति मिति २०८०/१०/१९ LT. No. 299372 चलानी नं. ६०२१४३९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 3 | 1300 | ४७,८१५ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cooker | 1 | 0 | 1500 | ५५,१७० | | | | | | | |
| 3 | Gen.clean Worker | 2 | 0 | 1000 | ३६,७८० | | | | | | | |
| 4 | Labourer | 3 | 0 | 1000 | ३६,७८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १ गते (13th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAAD OVERSEAS PVT.LTD.**

श्रम ईजाजत नं. 1587/079/80

Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : STANDARD COATING (M) SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०२/१६ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२२ LT. No. 286948 चलानी नं. ६०२०२२३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 16 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १ गते (13th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सामाजिक सुरक्षा कोष बापतको न्युनतम पहिलो किस्ता**: रु.२,००२/- कामदार आफैले

**सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.**

श्रम ईजाजत नं. १२३८/०७४/०७५

Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com



Province Government
Ministry of Physical Infrastructure Development and Transport Management
**Infrastructure Development Directorate**
**Infrastructure Development Office(IDO)**
Baglung
Gandaki Province, Nepal

## Invitation for Online Bids

**(First date of Publication: 6 February 2024 (2080/10/23))**

1. Infrastructure Development Office, Baglung Invites the **Online bids only** under e-procurement system from eligible bidders for the construction of projects mentioned below under National Competitive bidding. All other information and Bid Documents can be downloaded from **PPMO's website www.bolpatra.gov.np/egp** or may obtain at office. Interested eligible bidders are requested to submit **E-Bid only** as per instruction within the mentioned period.

| SN | Name | Contract ID | Estimated Amount NRs. (without PS and VAT) | Bid Security |
|---|---|---|---|---|
| 1 | Bhakunde-Thamka-Aphre-Damek-Borang-Shantipur Road, Ba Na Pa 11 and Jaimini. | IDOBAGLUNG/NCB/W/R/51/2080/81 | | 250,0000.00 |
| 2 | Upgrading of Galuwa-Deurali-Rayadanda Road Ba Na Pa 10. | IDOBAGLUNG/NCB/W/R/50/2080/81 | 8,521,772.35 | 2,50,000.00 |

2. Last date of bid submission shall be 07 March 2024 (2080/11/24) ,12:00 Hour
3. Bid validity Period shall be 90days and validity of the bid security shall be 30 days beyond bid validity Period.
4. Bids will be opened on 07 March 2024 (2080/11/24) 13.00 hours in Infrastructure development office, Baglung.
5. **Information to Deposit the cost of bidding document and bid security in Bank.**

| For Purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| **Name of the Bank:-** Nepal Bank Limited, Baglung<br>**Name of Office:-** Infrastructure Development Office, Baglung<br>**Office Code No:-** 3370145034<br>**Office's Account No:-** 27302000001001000001<br>**Rajaswa (Revenue) Shrishak No.:-**14229 | **Name of the Bank:-** Nepal Bank Limited, Baglung<br>**Name of Office:-** Infrastructure Development Office, Baglung<br>**Office Code No.:-** 3370145034<br>**Office's Account No.:-** 02202000002003000001 |

**Office Chief**



## बहराईनमा वैदेशिक रोजगारको अवसर

सच्याइएको

कम्पनी : LANTERNS LOUNGE W.L.L.

पुर्व स्वीकृति मितिः २०८०/१०/१९ LT. No. 299211 चलानी नं. ६०२१४३३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव BHD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barman | 3 | 0 | 120 | ४२,२६० | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 3 | 0 | 150 | ५२,८२५ | | | | | | | |
| 3 | Waiter | 3 | 3 | 120 | ४२,२६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २९ गते (12th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Chinari Overseas Pvt. Ltd.**

Govt. License 1165/073/074

P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ISAM KABBANI AND PARTNERS FOR CONSTRUCTIONS AND MAINTENANCE CO. L.L.C

पूर्व स्वीकृति मिति २०८०/०९/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२२ LT. No. 297552 चलानी नं. ६०२१२५३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 5 | 0 | 900 | ३२,७२५ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Stone Mason | 9 | 0 | 1200 | ४३,७५५ | | | | | | | |
| 3 | Painter | 15 | 0 | 1200 | ४३,७५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः झापा, दमक-५, अक्टोपस टेक्निकल ट्रेनिङ सेन्टरमा मितिः २०८० फागुन १ गते (13th Feb. 2024) मा हुनेछ ।
सुनसरी, इटहरी -६, सुनसरी मल्टिपल ट्रेनिङ सेन्टरमा मितिः २०८० फागुन २ गते (14th Feb. 2024) मा हुनेछ ।
रुपन्देही, तिलोत्तमा-४, नयाँमिल, तिलोत्तमा इन्स्टिट्युट अफ ट्रेनिङ एण्ड ट्रेड सेन्टर प्रा.लि. मा मितिः २०८० फागुन २ गते (14th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**PREMIUM HUMAN RESOURCE**

Govt. License 1631/080/081

Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BABY FACE HEALTH INSTITUTE AND SALON COMPANY

पूर्व स्वीकृति मिति २०८०/१०/१९ LT. No.299398 चलानी नं. ६०२१४१६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 12 | 0 | 140 | ६०,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १ गते (13th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**

श्रम ईजाजत न .७९७/०६५/०६६

Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BROSH AL KHALEEJIA OFFICE FOR WASHING AND POLISHING CARS IN THE COMMERCIAL COMPLEX PARKING LOTS.

पूर्व स्वीकृति मिति : २०८०/१०/२२ LT. No. 299422 चलानी नं. : ६०२१४३८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 1 | 0 | 85 | ३६,९९० | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | vehicle washing and lubricating agent | 1 | 0 | 120 | ५२,२२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १ गते (13th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD**

श्रम ईजाजत नं १५७०/०७९/८०

Sinamangal-9, Kathmandu Nepal, Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com, Web: shivamintlmanpower.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-DHOW FOR ENVIRONMENTAL PROJECTS COMPANY

पूर्व स्वीकृति मिति २०७९/१२/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२२ LT. No. 283514 चलानी नं. ६०१९८९०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 11 | 0 | 150 | ६४,६९० | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 3 | 0 | 100 | ४३,१२५ | | | | | | | |
| 3 | Welder | 8 | 0 | 150 | ६४,६९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन १ गते (13th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Namo Buddha Recruitment Pvt. Ltd.**

Govt. License 1370/74/75

samakhushi-26, Kathmandu, Nepal, Phone : + 977-1-4383168
E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com
Website : www.namobuddharecruitment.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# धरहरामा विधि मिच्ने होड

धरहराको निर्माण पूरा नभइ पार्किङ खुल्ला गरिएपछि अहिले निर्माण कम्पनी रमन कन्स्ट्रक्सन र काठमाडौं महानगरका मेयर बालेन्द्र (बालेन) साहबीच टकराव बढेको छ। हुन त घर बन्ने क्रममा तला थप्दै गर्दा भुइँतल्लामा बस्न सकिन्छ। यही सामान्य विषयलाई लिएर बालेनको कदम सही भन्नेहरू पनि छन्।

तर धरहराको पार्किङको सवालमा फरक विषय छ। तीन तल्लासम्म मुनि बेसमेन्ट रहेको पार्किङ क्षेत्र निर्माण अझै भएको छैन। ती क्षेत्रमा बत्ती, सिसिक्यामरा, अग्निसुरक्षाका विषय जडान गरिएका छैनन्। जसका कारण जुनसुकै बेला जे पनि दुर्घटना हुन सक्छन्। सवारीसाधन चोरी हुन सक्ने उत्तिकै जोखिम छ। त्यसैगरी जमिनमुनिको भागमा अक्सिजन व्यवस्थापन गर्न पनि जरुरी छ। जुन अहिलेसम्म भएको छैन।

त्यसैले पनि पार्किङका लागि तयार भइनसकेको क्षेत्रमा बलजफ्ती गर्नु ठीक होइन। हुन त एमाले अध्यक्ष केपी शर्मा ओलीले आफ्नै ढिपी देखाएर २०७८ को सुरुमै निर्माण कार्य नसकी आफ्नो नाम लेखाउन उद्घाटन गरे। यो कुरा दुनियाँलाई जगजाहेर छ। जसका कारण अहिले ओली प्रतिपक्षी दलको कूर्सीमा पुगेका छन्। प्रतिपक्षीमा पुगेपछि जनताले करुणा देखाउनुपर्नेमा ओलीमाथि उल्टै आक्रोश पोख्छन् जनताहरू।

बालेनले ओलीको कार्यशैलीमाथि प्रश्न गर्नु जायज हो, तर ओलीले गल्ती गरेको भन्दै आफूले पनि गल्ती गर्दा ठीक हुन्छ भनेर पाखुरा सुर्काउनु ठीक हुन्न। मेलम्चीमा ओलीकै कारण परीक्षणबिनै पानी हाल्दा ढोका खुस्केर कामदारकै मृत्यु भयो। धरहरामात्र हैन ओलीले आफ्नो सत्ता छँदा उन्माद देखाएर निर्माण पूरा नभएको आयोजनाको पनि उद्घाटन सकाए। ओली शैलीकै कारण पुराना दलमाथि आक्रोश बढ्दो छ। तर विधिलाई मिचेर उन्माद देखाउँदै निर्माण नसकी धरहरामा पार्किङ खुलाउन हुन्न।

बालेनले 'अकुपाइ टुँडिखेल' अन्तर्गत मजदुरलाई टहराबाट हटाउनु ठीक हो। यसैगरी यहाँ थुपारेर राखेका सामान हटाउनु पनि ठीक हो। किनभने धरहराका संरचनाहरू लगभग निर्माणको अन्तिम चरणमा पुगेको बेला रमण जेभीले अझै त्यो ठाउँ उपयोग गर्नु गैरव्यावसायिक हो। तर यही विषयको झोंकमा असुरक्षित पार्किङमा जोखिम मोल्नु ठीक हुन्न। महानगरले यहाँ पार्किङ खुलाउने नै हो भने सुरक्षाका ग्यारेण्टी गरेरमात्र सुरु गरौं। नभए एउटाले बिराउने, शाखा पिराउने शैलीमा विधि मिच्ने काम नगरौं।

# वर्तमान र पौरस्त्य राजनीति



ऋकेश भण्डारी ऋगीश

> अब हामीले हाम्रोपनको संरक्षण गर्न जाग्नुपर्छ। पछिल्लो समय युवाहरूमा जागरण आएको छ। यो देशको लागि सौभाग्य हो। असल युवाहरूले देश, धर्म, संस्कृति, संस्कार र शास्त्रहरूको संरक्षण र सम्वर्द्धन गर्नैपर्छ।

राज्ञाम् नीतिः राजनीतिः अर्थात् राज्यको त्यस्तो नीति, जसअनुसार प्रशासन, परराष्ट्र सम्बन्ध, राष्ट्रको धर्म, संस्कृति, रीतिरिवाजको हित र उन्नतिको काम गरिन्छ। हरेक देशको आ-आफ्नै नियम, कानुन हुन्छ। माटो सुहाउँदो नियम बनाएर देशल र देशवासीलाई सुखी, खुसी र समृद्ध बनाउनु राजनीतिज्ञको कर्तव्य हो। पृथ्वीको उत्पत्तिकालदेखि अहिलेसम्म धेरै वर्ष बितिसकेको छ। सृष्टिको विषयमा वेद र विज्ञानको मतैक्य रहेको छैन। विशाल पृथ्वीभित्रको एक देश नेपाल हो। यो देशलाई देवभूमि र ऋषिमहर्षिको भूमि भनेर पनि चिनिन्छ। यो भूमिमा पहिले-पहिले त धेरै पराक्रमी राजाहरूले राज्यशासन चलाएका थिए भन्ने कुरा पुराणहरूमा बताइएका छन्। उत्पत्तिकालदेखि प्रागऐतिहासिककाल हुँदै, नेपालमा गोपाल राजवंश, महिषपाल राजवंश, किराँत राजवंश, लिच्छविकाल, त्रिशक्तिको उदय र आधुनिककाल गरी धेरै राजाहरूले शासन चलाएका थिए। यसमा लिच्छविकाललाई स्वर्ण युगको रूपमा नै मानिन्छ। यसकालसम्म नेपालको प्रमुख भाषाको रूपमा संस्कृत थियो। पृथ्वीनारायण शाहले सबै राज्यहरू एकीकरण गरेर नेपाललाई एक सिंगो राष्ट्रको रूपमा स्थापित गरेका थिए। त्यसपछि राणाहरूको शासन भयो। यसरी १०४ वर्षको राणा शासनपछि २००७ सालमा प्रजातन्त्र घोषणा भयो। त्यसपछि राजा र दलहरू मिलेर राज्य सञ्चालन गरे। २०६२-६३ को आन्दोलनले राजसंस्थाको अन्त्य भई दलीय व्यवस्थाले राज्य चलिरहेको छ। तर पछिल्लो समय दलीय व्यवस्थाको राजनीतिले नेपाल र नेपालीपनको अस्तित्त्वलाई नै मेट्ला भन्ने चिन्ता बढेको छ।

'एकं विषरसो हन्ति शास्त्रेणैकश्च वध्यते। सराष्ट्रं सप्रजं हन्ति राजानां मन्त्रविप्लवः ॥' (विदुर नीति १.५ ॥ अर्थात् विष पिउँदा एउटा पिउने मात्र मर्छ, शस्त्रबाट एउटाको मात्र हत्या हुन्छ, तर मन्त्रणा (सल्लाह वा मत) बाहिर आयो भने राष्ट्र र प्रजाको साथै राजाको पनि विनास हुन्छ। नेपालको अहिलेको स्थिति यस्तै रहेको छ। हामीले जुन संविधान बनाएका छौं। मानौं यो नै मन्त्रणा हो तर यहाँका नेताहरूलाई निमित्तमात्र बनाएर देश विदेशीहरूले चलाइरहेका छन्, जसले गर्दा हामी अब रहन्छौं या रहन्नौं यस्तो स्थिति छ। किनकि हामीले नेपालको माटो सुहाउँदो संविधान बनाउन सकेका छैनौं। हामी त यहाँ मार्क्सवादी, लेलिनवादी सिद्धान्त बोक्ने कम्युनिस्ट र समाजवादी-जनवादी मान्ने कांग्रेस आदि दलहरूको दबदबामा परेका छौं। नेपालको मुख्य पार्टी मानिने दलहरू नै विदेशीका सिद्धान्त बोकेर हिँडिरहेका छन् भने हामीले यिनीहरूसँग देश बन्ने आश गर्नु हाम्रो मूर्खता मात्र हुने छ। हामीले चाणक्य नीति, विदुर नीतिजस्ता हाम्रै धर्मनीतिको अनुशरण गर्नुपर्छ जसले देश राम्रो बनाउन मद्दत गरोस्। धर्मनीतिको पालना नगर्दा दुर्योधन, द्रोणाचार्य र भीष्मजस्ता कयौं ज्ञानीहरूको के हाल भयो भन्ने कुरा हामीले महाभारत ग्रन्थबाट बुझ्न सक्छौं।

'सप्त दोषाः सदा राजा हातव्य ॥' (वि.नि.१.९६ र ९७) अर्थात् राजा (राजनीतिज्ञहरू)ले स्त्री विषयक आशक्ति, जुवा, सिकार, मद्यपान, कठोर वचन, कठोर दण्ड र धनको दुरूपयोग गरी यी सात प्रकारका दोषबाट सदा टाढा रहनुपर्छ। यी सात प्रकारका दोषमा दृढमूल राजा पनि प्रायः नष्ट हुन्छन् भनिएको छ तर विडम्बना नेपालमा ठ्याक्कै उल्टो अवस्था रहेको छ। यसबाट राज्यलाई सधैं अन्याय नै हुन्छ। त्यसैले हामीले यस विषयमा विचार गर्नु आवश्यक छ।

कस्तो राजा या राजनीतिज्ञ हुनुपर्छ भने यः काममन्यू प्रजहाति राजा ॥ (वि.नि.१.१०९) अर्थात् क्रोधलाई त्यागेको, सुपात्रलाई धन दिने, विशेषज्ञ, शास्त्रलाई जानेको र आफ्नो कर्तव्य शीघ्र पूरा गर्न सक्ने क्षमता भएको यस्ता राजनीतिज्ञहरू चाहिन्छ। तर आज हामी न्याय नपाएर कराइराखेका छौं। देशमा भ्रष्टाचारी, बलत्कारी, राष्ट्रघाती, डकैती आदि खुलेआम हिँडिराखेका छन्, यो अव्यावहारिक शिक्षाको उपज हो।

जानाति विश्वासयितुं मनुष्यान् ॥ (वि.नि.१.११०) राजा (राजनीतिज्ञहरू)ले सबै जनतामा विश्वास उत्पन्न गराउन जानेको हुनुपर्छ। अपराध प्रमाणित भएकालाई मात्रै दण्ड दिनुपर्छ। दण्ड दिने न्यूनाधिक मात्रा तथा क्षमाको उपयोग जानेको हुनुपर्छ भनिएको छ। त्यसले मात्र स्वच्छ न्याय दिन सक्छ।

यः प्रमाणं न जानाति स्थाने वृद्धौ तथा क्षये। कोशे जनपदे दण्डे न स राज्येऽवतिष्ठते ॥ (वि.नि.२.१०) अर्थात् जसले स्थिति, लाभ, हानि, खजाना, देश, दण्ड, आदिको मात्रालाई जान्दैन त्यो राज्यमा स्थिर रहन सक्दैन। हामी त हाम्रै राजनेताहरूमा यी कुराहरूको कमीको अनुभव गरिरहेका छौं। त्यसैले हामीले यी सबै कुराहरू भएको एक योग्य राजनेताको आशा गरिराखेका छौं। जसले देशको वस्तुस्थिति बुझेर देशलाई एक मजबुत देशको रूपमा स्थापित गरोस्।

जनताबाट कर ग्रहण कसरी गर्ने भन्ने विषयमा विदुर भन्छन्, 'यथा मधु समादत्ते रक्षन् ॥ (२.१७), पुष्पं पुष्पं विचिन्वीत मूलच्छेदं ॥ (२.१८) जसरी भमराले फूललाई कुनै हानि नपुऱ्याई फूलको रसको आश्वादन गर्छ। जसरी एउटा मालीले बगैंचामा रहेका एकएक फूल टिपेर माला बनाउँछ। कोइला बनाउनेले जस्तो रुखलाई जरैदेखि काट्दैन, त्यसैगरी राजाले प्रजाहरूबाट कष्ट नदिई रक्षापूर्वक कर लिनुपर्छ, यो नै नैतिक देशको कर उठाउने प्रणाली हो।

ऋजुः पश्यति यः सर्वं ॥ (वि.नि.२.२३ ॥, चक्षुषा मनषा वाचा कर्मणा च ॥ (वि.नि.२.२५) जुन राजाले प्रेमपूर्वक पिऊँ कि भनेझैं गरेर सबै प्रजाहरूलाई समान दृष्टिले हेर्छ। आँखा, मन, वाणी र कर्म गरी यी चार कुराबाट प्रजालाई खुसी बनाउँछ त्यस्तो राजाप्रति सधैं प्रजाको अनुराग रहन्छ भनिएको छ। त्यसैले पहिले राजनीतिज्ञहरू नीतिगत हुनुपर्छ। जसले प्रजाहरूले पनि सधैं नेताहरूलाई पुज्दछन् र देश स्वच्छ मार्गमा हिँड्दछ। साथै व्याधादेखि हरिण आदि मृगहरू डराउँछन् त्यसै गरी राजाबाट प्रजाहरू डराउँछन् भने समुन्द्रपर्यन्तको राजा भए पनि त्यो राजा प्रजाहरूबाट त्यागिन्छन्। नेपालमा अहिले उही अवस्था हावी भएको छ, त्यसैले यहाँ दलहरूप्रति जनताको विश्वास गुमेको छ। दलीय व्यवस्था यस्तो व्यवस्था रहेछ, जसले जे गरे पनि उनीहरूलाई मान्नेपर्ने, पुज्नैपर्ने हुन्छ। त्यसैले दलीय व्यवस्थाभन्दा राजा महेन्द्रले भनेझैं निर्दलीय व्यवस्थाले नै नेपालको हित गर्ने छ भन्ने कुरामा विद्वान्हरू मतैक्य छन् भन्ने स्पष्ट रहेको छ।

विश्वमा हरेक देशमा आ-आफ्नो धर्म संस्कृति मान्ने गर्दछन्। तर नेपालको संविधानमा धर्मनिरपेक्षता शब्द प्रयोग गरिएको छ। निरपेक्ष शब्दको अर्थ हुन्छ 'निर्गता अपेक्षा यस्य' अर्थात् कुनै कुराको चाख वा वास्ता नभएको। यो शब्दको प्रयोगले देशको धर्म नभएको भन्ने बुझिन्छ जब धर्म हुँदैन तब सबै छाडा हुन्छन् तसर्थ हामीले हाम्रा नेताहरूलाई धार्मिक बनाउनु पनि पर्दछ। त्यसैले हाम्रो अस्तित्वको संरक्षण गर्दछ। आत्मानमेव प्रथमम् ॥ जुन राजाले इन्द्रीयहरूसहित मनलाई शत्रु मानेर जितेको छ त्यसपछि उसले मन्त्रीहरू र शत्रुहरूलाई जित्ने इच्छा गर्छ भने उसलाई अवश्य पनि सफलता मिल्छ। तर यहाँ प्रधानमन्त्री र राष्ट्रपतिको चरित्र उदांगै रहेको छ। जसले हामीलाई निष्पक्ष रूपमा राज्य सञ्चालनमा बाधा पुऱ्याएको छ।

विदुरले धृतराष्ट्रलाई भन्दछन् यो राज्यबाट पुरस्कृत, धर्म र अर्थको तत्त्व जान्ने, तेज र बुद्धियुक्त, पूर्ण सौभाग्यशाली युधिष्ठिर हजुरका पुत्रहरूभन्दा पनि महत्त्वपूर्ण रहेका छन्। धर्मधारीहरूमध्ये श्रेष्ठ युधिष्ठिर दया, सौम्य भाव तथा हजूरप्रतिको गौरव बुद्धिका कारण धेरै कष्ट सहिरहेका छन्। यहाँ विदुरले सन्तानको मोह गरेर अर्धममा राज्य जानु हुँदैन भन्दा धृतराष्ट बुझ्दछन् तर उनी मोहमा परि रहन्छन्। त्यसैले उनको सबै सन्तानहरू नष्ट हुन्छन्। यसबाट हाम्रा नेताहरूले ठूलो पाठ सिक्नुपर्ने छ। नेपालमा त नातावाद, कृपावाद र परिवारवादले चुली छोएको छ। यसले देशको हित गर्दैन, मात्रै उनीहरूकै हित गर्दछ। दुर्योधनेऽथ शकुनौ ॥ अर्थात् तपाई दुर्योधन, शकुनि, मूर्ख दुःशासन र कर्णमाथि राज्यको भार राखेर कस्तो उन्नति चाहनुहुन्छ ?

राज्य सञ्चालन गर्ने नेता हुन सबै प्रकारको लक्षण हुनुपर्छ जुन युधिष्ठिरमा थियो। हाम्रो देशमा त अहिले यही दुर्योधन पाटीले राज्य सञ्चालन गरिरहेका छन्। जसलाई देशको धर्म, संस्कृति, संस्कार र प्रजाहरू र देशको अस्तित्वबारे कुनै वास्ता छैन। यहाँ आज हत्या, हिंसा, बलात्कार, चोरी, डकैती आदिको मात्र चर्चा चलिरहेका हुन्छन्। हामी प्रजाहरू शान्ति चाहने कृष्णका पक्षमा छैनौं। हामी त शकुनिको इशारामा फसेको दुर्योधनझैं मस्त झुलिरहेका छौं।

यस्तै विदुर नीति र चाणक्य नीतिमा राज्य सञ्चानमा हुनुपर्ने कुराहरू पर्याप्त रूपमा सिकाइएका छन्। एक सन्न्यासी जीवन बिताएका चाणक्यले राजा घनानन्दको तुच्छ वचनले टुप्पीको शिखा खोलेर प्रतीज्ञा गरेका थिए। तिमीले गरेको अपमान सहच छैन। यो मगध राज्यको सिंहासनमा कुनै योग्य व्यक्तिलाई राख्ने छु। र, पछि उनले चन्द्रगुप्त मगध राज्यको सिंहासनमा बसालेर युनानी शासकहरूलाई देशबाट निकाली साम्राज्य बिस्तार गरेका थिए। उनी प्रधानमन्त्री भए पनि कुटीमै बस्दथे। उनी आफ्ना लागि राज्यको केही चिज पनि प्रयोग गर्दैनथे भन्ने कुरा आफ्नो कामका लागि आफ्नै टुकी बाल्थे र राज्यको कामका लागि राज्यको टुकी बाल्थे भन्ने भनाइबाट पुष्टि हुन्छ। त्यसैले अब हामीले हाम्रोपनको संरक्षण गर्न जाग्नुपर्छ। पछिल्लो समय युवाहरूमा जागरण आएको छ। यो देशको लागि सौभाग्य हो। असल युवाहरूले देश, धर्म, संस्कृति, संस्कार र शास्त्रहरूको संरक्षण र सम्वर्द्धन गर्नुपर्छ।

## मनन्योग्य

### चाणक्य नीति

सिकन्दरले यही अवसरलाई उपयुक्त ठानी फाइदा उठायो। ऊ जान्दथ्यो नदीमा तुफान उठेको छ। पार गर्न असम्भव भए पनि आफ्ना सेनालाई नदीमा प्रवेश गर्ने आदेश दिँदै आफू पनि नदीमा घोडासहित हेलियो। सेनाहरू धेरै मरे। बचेका सेना साथ लिएर सिकन्दरले झेलम नदी पार गऱ्यो। घोडाहरू काठ र डोरीद्वारा पार गरायो।

अप्रत्याशित रूपले यसरी भएको आक्रमणले पुरु: केही हड्बडाए तर धैर्य त्यागेनन्, युद्ध सञ्चालनको काम पुत्रहरूका जिम्मामा दिई सिकन्दरसँग जिउज्यान दिएर लडे। पुरुका दुबै छोरा युद्धमा मरे।

बाँकी बचेका सेना लिई सिकन्दरको ठूलो सेनासँग युद्ध गरे, तर दुर्भाग्य पुरुको आफ्नै अगाडि रहेका आफ्ना सेना, युनानी सेनाद्वारा मिचिदा हड्बडाएर आफ्नै पक्षका सेनातिर दौड्दै आउँदा असङ्ख्य सेना हात्तीले कुल्चिएर मर्न पुगे। अन्तमा पुरुले लडाई हार्नुपऱ्यो। सिकन्दरले उनलाई बन्दी बनायो।

अर्को दिन सिकन्दरका अगाडि पुरुलाई खडा गरियो। हतकडी लगाइएका पुरुसँग सिकन्दरले प्रश्न गऱ्यो- 'तपाईंसँग म कस्तो व्यवहार गरू ?'

'त्यही जो एक राजाले अर्को राजासँग गर्छ'- निडर भई पुरुले जवाफ दिए। यस्तो वीरोचित कुराले अवाक् भयो सिकन्दर। धेरै समयसम्म पुरुलाई उसले हेरिरह्यो र केही हाँस्दै भन्यो- 'तपाईं महाराज भन्न योग्य हुनुहुन्छ, म मित्रताको हात बढाउँछु भन्दै जितेका राज्य र अन्य साना राज्यसमेत उनलाई फिर्ता गरेर उनकै राज्यमा मिलाइदियो।' यसपछि सिकन्दर आफ्ना सेनाका साथ 'ग्लोगेनिकाई' नामक उत्तर-पश्चिम जनजाति प्रदेशमा पस्यो। त्यहाँका मानिसले आत्मसमर्पण गरे। त्यो पनि सिकन्दरले पुरुकै राज्यमा मिसायो। चिनाव नदी पार हुन सिकन्दरले ठूलो नोक्सानी व्यहोर्नुपऱ्यो। त्यसपछि उसले रावी नदी पनि पार गयो।

रावीमा कैथियानहरूको (कठ) राज्य थियो। उनीहरू हम्मेसी आत्मसमर्पणका पक्षमा थिएनन्। कठहरूसँगको युद्धमा विजय पाउन सिकन्दरलाई बडो मुस्किल पऱ्यो। धेरै सिपाही मर्नुका साथै त्यस डरलाग्दो युद्धले सिपाहीको उत्साह भंग भयो। कठ राज्य नगिचै सौभूति राज्य थियो। त्यहाँका राजाले भने सिकन्दरसमक्ष आत्मसमर्पण गरे।

व्यास नदीका किनारमा पुगेपछि सिकन्दरलाई थाहा भयो- पारितिरको उर्वरा भूमिमा बलवान् किसानहरूको गणराज्य छ। त्यो राज्यको शासन अत्यन्तै सशक्त छ। त्यस राज्यदेखि पर फैलिरहेको नन्दको साम्राज्य मगध छ। क्रमशः




# बा ? लेन-देन !

यो पैसा पनि चिज पनि अचम्मै रैछ बा ! भए पनि पिर नभए पनि पिर। अझ लेन-देनमा त कुरै नगरौं। पैसाको रातो मुख भन्ने चलन नै छ। पैसाका लागि मानिसहरूले जे पनि गर्छन् भन्ने कुरा त हाम्रा गाउँका तर्फबाट विश्वकै धनीका लिस्टाँ परेका दाजुभाइ कालो कोठरीमा छिरेपछि पो थाऽ भो त।

यता झिरिप्प पारेर पो श्रीलंकातिर पनि तुरूप हान्न भ्याका रे। कति टाठा रैछन्। दलेदाइ झोला फेरि फेरि नेपालाँ मात्र होइन नेपालभन्दा सानादेखि आफूलाई ठूला भन्ने देशसम्म पनि उस्तै रैछ। त्यही भएर नै हाम्रा गाउँका डिट्ठा साहेवहरूले सरकारी जल, जमिन जंगल त देख्दै नहुने रे। किस्ता-किस्ता छिमेकीलाई बेचिदिएका छन् अरे, काइँला बाले भनेको !

कामभन्दा बढी गफ गरेर खाने भनेकै बाऽहरूले हो भन्दै थिए काइँला बा। बाऽ हरूले 'लेन' बिगार्दा तीन पुस्तादेखिको भविष्य अन्धकारमय नै देखिएको छ। एऽ मालेका बा, नानीका बा, छोरीका बा अनि देउऽबा हरूले त यो देश आफ्नै बाउको बिर्ता नै बनाए पनि भन्छन् काइँला बा।

सात सालदेखि न्यायका लागि लड्दै आएका काइँला बाले अहिलेसम्म पनि न्याय पाएका छैनन् रे। 'न्याय माग्दा माग्दै नपाएपछि माग्नै छाडिदिएँ। खोसेरै पो लिन थालें त,' अगाडिका फुक्लिएका दाँत देखाउँदै खितित्त हाँस्दै काइँला बाले भनेको।

बाहरूलाई अहिले लेन-देनको चक्रव्युहले फसायो रे। त्यही भएर जता हेऱ्यो उतै टावर नै टावर। अझ काठमाडौंको झिल्के टावरले गर्नु गऱ्या छ, बाबु भो भन्छन् काइँला बा ! भित्तामा नाम लगाउन सबलाई हतारो ! मेलम्ची पानी आओस् नओस् धाराको मुनि नाम लेखाउन हतारो। टावर बनोस् नबनोस् उद्घाटन गरेर नाम लेखाउनै हतारो। बाटो बनोस् कि नबनोस् रिवन काटेर बोर्ड टाँग्नै हतारो ! तर यो हतारो हैन बाबु यो त लेन-देनको लतारो हो भन्छन् थप्दै काइँला बा !

आखिर जे रैछ बा मै रैछन् ? देश बेचेर खाने बा। नदी बेचेर खाने बा। डाँडापाखा बेचेर खाने बा। युवा पुस्ता बेचेर खाने बा। सुन गलाउने बा। नेपालीलाई विदेशी बनाएरै रकम झ्वाम पार्ने पनि बा। फिरंगीहरूको इशारामा देश चलाउने पनि बा। गनऽतन्त्रका नाममा जनतालाई रित्तो पार्ने पनि बा नै बा। मै मोरो सत्य बोल्ने, न्याय खोज्ने, कहीं नबिक्ने किन रै छ भनेको त काइँला बा भएर पो रैछ !

जे होस् अहिले बाऽहरूको लेन-देन फस्टाउने देखिएन त्यसमै खुसी छ अरे। लेन हल्लाउन र भत्काउने भएपछि बाहरूको पनि मुटुमा ढ्यांग्रो ठोकिएको छ रे ! हुन त काइँला बा पनि कम हो र ! सात सालदेखि ७० सालसम्म पनि उस्तै तगडा न्याय नदिने भन्दै मुट्ठी बटारेर ठोक्ने बानी परेको। त्यो बेला दाहिने हातको मुड्की देखाउँदै 'अञ्चलाधीशलाई एक दिएर पुक्लुकै पारेको पो त मैले'। काइँला बा अझै उही जोशले कुर्लिन्छन्।

संघी ऽ यता न उता आएपछि त बाहरूको ताण्डव नृत्य नै भइरहेको छ त। लुट्न सके लुट कान्छा लुट्न सके लुट अरू देशमा पाइँदैन। नेपालमै छुट भन्दै गाइने गीत गाको जस्तै भा छ। त्यो सेतो झिल्के टावरमा पनि कति लुट लुट ! उद्घाटन हुँदै बन्दै, उद्घाटन हुँदै बन्दै। त्यस्तो पनि हुन्छ कतै ? त्यही भएर लेन हल्लिएको बाहरू चल्मलाएकै हुन्।

जनताले तिरेको पैसाले बनेको टावरमा लेन-देन गरेरै फेरि असुल्न योजना बनाइरहेकाहरूलाई बालेनले बाजा बजाइदिए। ऊ बेला त आफ्नो ठेकेदार लगाएर पैसा असुल्नेहरूले अहिले पनि त्यसलाई ठेक्का लगाएर लुट्ने तयारी गरिरहँदा बाऽहरूको लेन भत्काउँदै बालेनले निःशुल्क गरिदिएपछि यिनका निद हराम भयो। काइँला बा खित्का छाडेर हाँस्छन्।

ठीक्क पऱ्यो। हन कति लुट्नु हो लुट्न पनि रैतीहरूलाई। झोला बोक्ने झोलेहरूले जे गरे पनि दाइ र कमाउरेड भन्दै उकास्ने अनि तिनका बाऽ हरूले देउ ऽ बा, देउ ऽ बा भन्दै माग्ने अनि मान्छे, देश नबेचेर, नदी नबेचेर, बालुवा बेचुन् त ?

लेन-देन नगरी पनि त रैतीहरूले काम होस् न ! ३० वर्ष पञ्चेले लुटे भन्नेहरूले ३४ वर्षदेखि जनतालाई लुटेको छ लुटेको छ। फेरि लुट्न नपाइने भो भन्दै तगारो ताक्दै पो छन् त। काँठले जे गरेको छ ठीक गरेको हो नि। उद्घाटन भइसकेको ठाउँ पनि बन्दै गरेको हुन्छ त ? हुन पनि हो। कति ढाँट्नु हो जनतालाई। कहिलेसम्म झुक्याउने हो झुक्याउन पनि। काइँला बा तातेको तातै। काइँला बाको तातेको रिस सेलाउने छाँटकाँट नै छैन। बाऽहरूका लेन- देन उजाड हुने भए पनि बालेनको देन म बूढाले मन पराएँ त। मन पराएँ भने पनि मन पराएँ। हाम्रा पाला नारान गाइनेले गाको जस्तै हो-

*'मैले पुण्य मन पराएँ या पाप मन पराएँ, जे होस् मैले उनको काम मन पराएँ'*

जनजनको मनमा बसेपछि टावरलाई कुनै पावरले पनि काम गर्दैन। बाहरूको लेन भत्काउने काम नै जनताले न्याय पाउनु हो। मैले ७० वर्षदेखि खोजेको न्याय पनि यस्तै हो काइँला बा खुसीले उन्मत्त भाका छन्। विद्रोही माइला पनि बुरुक्क-बुरुक्क उफ्रेर अब देखाइदिन्छु भन्दै छन्।

बा-हरूका लेन-देनले देश सक्कियो। यता बेच्यो उता बेच्यो सबै रित्तियो। युवा बेच्यो, नदी बेच्यो सब सकियो। जे होस् अब त लाग्छ लेन-देन पनि सक्किएला। हाम्रा पुराना घर नभत्किएला। न्याय दिने त देखिएला ! कोही न कोही त भेटिएला। आउँछ एक दिन आउँछ।

'एक युगमा एक दिन एक फेरि आउँछ। उलटपुलट उथलपुथल एकचोटी ल्याउँछ।'

# सुनसरीमा महिला हिंसाको घटना बढ्दो

**इनरुवा-** सुनसरीमा महिला हिंसाको घटना बढ्दो क्रममा रहेको पाइएको छ। जिल्ला प्रहरी कार्यालयको तथ्यांकअनुसार महिला हिंसाको घटना बढ्दो क्रममा रहेको प्रहरी नायब उपरीक्षक नवीनकृष्ण भण्डारीले जानकारी दिए। जिल्लामा चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा ५४ वटा जबर्जस्ती करणीसम्बन्धी मुद्दा दर्ता भएको उनको भनाइ थियो।

आर्थिक वर्ष २०७८/७९ मा जबर्जस्ती करणीसम्बन्धी १०० वटा मुद्दा दर्ता भएकामा २०७९/८० मा १०६ वटा मुद्दा दर्ता भएको थियो। जबर्जस्ती करणी उद्योगमा आव २०७८/७९ मा ३० वटा र ०७९/८० मा १६ वटा मुद्दा दर्ता भएको थियो भने चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा आठवटा मुद्दा दर्ता भएको प्रहरीको तथ्यांकले देखाएको छ।

मानव बेचबिखन शीर्षकमा आव २०७८/७९ मा आठवटा र ०७९/८० मा एउटा मुद्दा दर्ता भएको थियो भने चालु आवको पुससम्ममा एउटा मात्र मुद्दा दर्ता भएको छ। त्यसैगरी अपहरण तथा शरीर बन्धक शीर्षकमा आव २०७८/७९ मा चारवटा र ०७९/८० मा दुईवटा मुद्दा दर्ता भएको थियो भने चालु आवको पुससम्ममा दुईवटा मात्र मुद्दा दर्ता भएको छ।

त्यसैगरी 'बाल बिज्याइँ' शीर्षकमा आव २०७८/७९ मा एउटा र ०७९/८० मा एउटा मुद्दा दर्ता भएकामा चालु आवको पुसमहिनासम्म एउटा पनि मुद्दा दर्ता नभएको प्रहरीले जनएको छ। त्यसैगरी बोक्सीको अरोपमा आव २०७९/८० मा एउटा र चालु आवको पुससम्ममा एउटा मुद्दा दर्ता भएको थियो।

बालयौन दुरूपयोग शीर्षकमा आव २०७८/७९ मा १५ वटा र ०७९/८० मा १४ वटा मुद्दा दर्ता भएकामा चालु आवको गत पुस सम्ममा पाँचवटा मात्र मुद्दा दर्ता भएको थियो। त्यसैगरी बहुविवाह शीर्षकमा आव २०७८/७९ मा ३६ वटा र ०७९/८० मा २६ वटा मुद्दा दर्ता भएको थियो भने चालु आवको पुससम्ममा १९ वटामात्र मुद्दा दर्ता भएको प्रहरी नायब उपरीक्षक भण्डारीले जानकारी दिए।

समाजमा महिलाका लागि आधार भूत तथा उच्च शिक्षामा कम लगानी, विविधताको पहिचान र सम्मान नहुनु, तेस्रो लिंगीको सवाल, फितलो समावेशिताको नीति, लैंगिक असमानता, विद्यमान नीति कार्यान्वयनमा ढिलाइ, बढ्दो परनिर्भरता, बेरोजगारी, कुसंस्कार, सामाजिक सञ्जालको दुरूपयोग, लक्षित वर्गको पहुँच पुग्न नसक्नु र सहभागितामा कमीले महिला हिंसाको घट्ना बढ्दो क्रममा रहेको प्रहरी उपरीक्षक विपिन रेग्मीले जानकारी दिए। *रासस*


रोजगारको अवसर 1. ALAZDHAR AUTOMATIC BAKERY, DOHA, QATAR

पुर्व स्विकृति मिति: २०८०/१०/२२ चलानी नं. ६०२१४३७३ LT No. 299425

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 05 | काममा दक्ष | 1000 | 36505 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

2. ARAR INFRA CONTRACTING CO. LLC, UAE

पुर्व स्विकृति मिति: २०८०/१०/२२ चलानी नं. ६०२१४३७४ LT No. 299412

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 20 | काममा दक्ष | 1000 | 36189 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Shuttering Carpenter | 10 | | 1200 | 43427 | | | | | | | |
| 3 | Mason | 10 | | 1200 | 43427 | | | | | | | |
| 4 | Steel Fixer | 05 | | 1200 | 43427 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैले | कामदार आफैले | रु.१५०० कामदार आफैले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौमा: २०८० फागुन १ गते (13 February 2024) हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौमा सम्पर्क गर्नुहोला। लागत खर्च: ०

TALENT OVERSEAS SERVICE PVT. LTD.
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744


# कुष्ठरोगबाट प्रभावित हुँदै बालबालिका

**राँझा (बाँके)-** बाँकेमा कुष्ठरोगबाट १४ वर्षमुनिका बालबालिका बढी प्रभावित हुँदै गएको पाइएको छ। चालु आर्थिक वर्षको साउनदेखि मंसिर मसान्तसम्म भेटिएका नयाँ बिरामीमा १३ जना १४ वर्षमुनिका बालबालिका रहेको स्वास्थ्य कार्यालय बाँकेका कुष्ठ स्रोत व्यक्ति रवीन्द्रकुमार शाहले जानकारी दिए।

'बाँकेमा सबै स्वास्थ्य संस्थाबाट संकलन गरिएको तथ्यांकअनुसार पछिल्लो समय कुष्ठरोगबाट बालबालिका प्रभावित भएको पाइएको हो,' उनले भने, 'खुला सिमानाका कारण बाँकेबाट छिमेकी मुलुक भारतमा बढी आवतजावत हुने भएकाले कुष्ठ रोगको जोखिम घट्न सकेको छैन।'

सरकारको कुष्ठरोग निवारण विशेष नीति तथा कार्यक्रम नभएकाले सरकारी स्वास्थ्य संस्था नयाँ बिरामी पत्ता लगाउन साइनिङ अस्पताल, आइएनएफजस्ता संस्थाको सहयोग लिनुपर्ने बाध्यता रहेको उनको भनाइ छ। बाँकेको जानकी गाउँपालिकामा आइएनएपले सञ्चालन गरेको साइनिङ अस्पतालमा चालु आर्थिक वर्षको साउनदेखि पुस मसान्तसम्म छ महिनामा ६० नयाँ कुष्ठरोगी फेला परेका छन्। तीमध्ये २९ जना बाँकेका बिरामी रहेको साइनिङ अस्पतालका प्रमुख मंगल चौधरीले जानकारी दिए।

उनका अनुसार साइनिङ अस्पतालमा फेला परेका नयाँ बिरामीमध्ये १५ जना भारतीय नागरिक रहेका छन्। बर्दिया र अन्य पहाडी जिल्लाबाट जाँच गराउन आउने बिरामीमा पनि कुष्ठरोग पत्ता लागिरहेको छ।

'कुष्ठरोग प्रकोप दर घटेको छैन, गत वर्ष पनि छ महिनाको तथ्यांकमा ५१ जना नयाँ बिरामी फेला परेकामा २५ जना बाँकेकै थिए,' प्रमुख चौधरीले भने, 'लुम्बिनी प्रदेशमै बाँके दोस्रो उच्च जोखिममा रहेको छ।'

स्वास्थ्य कार्यालयकी प्रमुख सुनिता पौडेलले समाजमा अझै पनि कुष्ठरोगीलाई गरिने व्यवहार, लाञ्छना र विभेद हट्न नसकेको जनाउँदै राज्यले जनचेतना जगाउन र नयाँ बिरामी पत्ता लगाउन थप नीति तथा कार्यक्रम ल्याउनुपर्नेमा जोड दिइन्।

नेपालगञ्जस्थित भेरी अस्पतालमा कार्यरत छालारोग विशेषज्ञ डा. आरके झाले कुष्ठरोगको रोकथाम र उपचार सम्भव रहे पनि सबैमा जनचेतना पुग्न नसक्दा समाजमा अझै धेरै रोगी लुकेर रहेको बताए। *रासस*

# सडक दुर्घटनामा धेरै मानवीय क्षति

**महोत्तरी (प्रस)-** सडक दुर्घटनामा हुने मानवीय क्षतिको संख्या बर्सेनि बढ्दै छ। आर्थिक वर्ष २०८०/८१ का बितेका छ महिनामा मधेसमा सडक दुर्घटनामा परी २५५ जनाले ज्यान गुमाएका थिए। सो अवधिमा भएका साना तथा ठूला चार हजार ४७७ सडक दुर्घटनामा पाँच हजार ६६ जना घाइते भएका बाराको पथलैयास्थित मधेस प्रदेश ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

सोही अवधिमा सडक दुर्घटनामा परी महोत्तरीका ३१ जनाले ज्यान गुमाएका थिए। जिल्लाका विभिन्न स्थानमा भएका २६५ वटा सडक दुर्घटनामा अंगभंग भई घाइते हुने ३२५ पुगेकामा ८४ जना सख्त घाइते भई अझै सकसपूर्ण अवस्थामा रहेका महोत्तरी जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख रामभक्त भट्टराईले बताए।

सडक दुर्घटनामा ज्यान जाने र घाइते हुनेमा बढीजसो ३० वर्ष मुनिका युवा रहेका र तीमध्ये धेरैजसो मोटरसाइकल दुर्घटनामा परेका उनको भनाइ थियो। सवारीसाधन चलाउने दक्षता र सोसम्बन्धी अनुमतिपत्र बेगर नै मोटरसाइकल चलाउने बढी दुर्घटनामा परेका ट्राफिक प्रहरीको अभिलेखमा उल्लेख छ। विशेषगरी युवा उमेरका मोटरसाइकल चालकले मादकपदार्थ सेवन गरेर द्रुतगतिमा सवारीसाधन चलाउँदा दुर्घटना बढी भएका देखिएको प्रमुख भट्टराईको भनाइ थियो।

'हामीले निरन्तर जाँच गर्ने, कारबाही गरी जरिवाना तिराउने र अन्य सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएका छौं,' उनले भने, 'तर दुर्घटना न्यूनीकरण भएका छैनन्।' जाडो याममा बाटो नदेखिने गरी लाग्ने बाक्लो हुस्सु पनि दुर्घटनाका कारण रहेको ट्राफिक प्रहरीको भनाइ थियो। महोत्तरीमा बितेका छ महिनामा कूल २३ हजार ३४८ सवारीसाधन कारबाहीमा परेकामा सबैभन्दा बढी १२ हजार ५२८ मोटरसाइकल परेका थिए।

यसैगरी चार हजार ८२८ कार तथा जिप र चार हजार ९८ ट्रक कारबाहीमा परेकामा तिनबाट एक करोड ९१ लाख ९६ हजार ५०० रूपैयाँ जरिवाना असुल गरिएको थियो।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-TERAZ COMPANY LTD.

पुर्व स्वीकृति मिति: २०८०/१०/२२ LT. No. 299463 चलानी नं. ६०२१४१६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ac Technician | 1 | 0 | 1600 | ५७,१३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Ac Technician Helper | 1 | 0 | 1200 | ४२,८५५ | | | | | | | |
| 3 | Building Electrician | 2 | 0 | 1200 | ४२,८५५ | | | | | | | |
| 4 | Building Labor | 1 | 0 | 1000 | ३५,७१० | | | | | | | |

कम्पनी : SAUD AL HUMAIDI ABDULLAH AL MUTAIRI OPERATION AND MAINTENENCE EST

पुर्व स्वीकृति मिति: २०८०/१०/२२ LT. No. 299437 चलानी नं. ६०२१४१६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heating Ventilation And Air Condition Mechani | 2 | 0 | 1800 | ६४,२८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Metal Shining And Roofing Workers | 2 | 0 | 1000 | ३५,७१० | | | | | | | |
| 3 | Tailor | 2 | 0 | 1500 | ५३,५६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० फागुन १ गते (13th Feb. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

G.R. Manpower Service Pvt. Ltd.
श्रम ईजाजत नं. ८६१/०६६/०६७
Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695
E-mail: grmanpower861@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALTEAF CLEANING AND HOSPITALITY CO

पुर्व स्वीकृति मिति २०८०/१०/२१ LT. No. 298806 चलानी नं. ६०२१४३८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bellman | 0 | 10 | 1000 | ३६,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० फागुन १ गते (13th Feb. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com



## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक २७७ माघ २२ गते २०८० मा प्रकाशित Chinari Overseas Pvt. Ltd. को Lot No. 299211 को Lanterns Lounge W.L.L. कम्पनीको विज्ञापनमा Waiter **कामदारको महिला संख्यामा ३ जना** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ।

Chinari Overseas Pvt. Ltd.
P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com
Govt. License 1165/073/074


## सन्दुस बचत तथा ऋण सहकारी संस्था लि.

**Sandus Saving & Credit Co-operativge Ltd.**

**Head Office:** Kaushaltar-15, Bhaktapur, Tel.: 01-6630150, 6635528
**Service Centre:** Purano Baneshwor-10, Kathmandu, Tel.: 01-4462833, 4475986
**E-mail:** sandussaving@gmail.com

### धितोमा रहेको अचल सम्पतिको लिलाम बिक्री सम्बन्धी ३५ दिने सार्वजनिक सूचना !

**प्रकाशित मिति : २०८०/१०/२३ गते**

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यले लिनुभएको कर्जाको साँवा, व्याज र ढिलो बुझाए वापत लाग्ने हर्जना नतिरी नबुझाई कर्जासम्बन्धी संस्थासँगको सम्झौताको शर्तबन्देजहरू उल्लंघन गर्नुभएकोमा कर्जा चुक्ता गर्न आउनु भनी पटक पटक मौखिक तथा लिखित रूपमा तरताकेता गर्दा र प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउनु भनी ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत संस्थालाई तिर्न, बुझाउनु पर्ने साँवा, व्याज र हर्जना रकम बुझाउन नआउनु भएको हुँदा सहकारी नियमावली २०७५ को नियम ३० ले तोके बमोजिमको कार्यविधि अपनाई ऋणी सदस्यले कर्जा लिंदा संस्थालाई उपलब्ध गराउनु भएको तपशिलको अचल धितो सम्पतिलाई बोलपत्र लिलाम डाक बढाबढद्वारा विक्री गरी संस्थाले साँवा, व्याज र हर्जना असुलउपर गर्ने भएको हुँदा धितोमा रहेको तपशिल बमोजिमको अचल सम्पति खरिद गरी लिन ईच्छुक व्यक्ति वा संघसंस्था सबैमा तपशिलको शर्तबन्देजको अधिनमा रही लिलाम विक्री हुने सम्बन्धी यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ऋणीको नाम ठेगाना (तीनपुस्ते) | व्यक्तिगत जमानी र धनजमानीको नाम ठेगाना | धितोको विवरण |
|---|---|---|
| नाम थर : रोहिणी कुमारी चौधरी<br>बुवाको नाम थर : गौरी शंकर चौधरी<br>बाजेको नाम थर : देव नारायण चौधरी<br>ठेगाना : साविकको वथनाहा-७, महोत्तरी<br>हालको ठेगाना : साविक इमाडोल-८, ललितपुर<br>ना.प्र.नं. १०२८२६७६ | नम थर : कुनाल ठाकुर<br>बुवाको नाम थर : सुमन्त कुमार ठकुर<br>बाजेको नाम थर : कृष्ण कुमार ठाकुर<br>ठेगाना : साविकको लोहना-४, धनुषा<br>हालको ठेगाना : साविक इमाडोल-८, ललितपुर | ललितपुर जिल्ला इमाडोल गा.वि.स. वडा नं. ८ कित्ता नं. ५५८ को क्षेत्रफल १२७.१८ व.मी. जग्गा र सो जग्गामा बनेको पक्की घरले चर्चेको धारा, वत्ति लिगलगापात समेत पुरा। |

**पुनश्च :**

**धितोबन्धक लेखिदिने ऋणीलाई सूचना** :- उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शिघ्र कर्जा चुक्ता गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन पुन अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलामका शर्तहरू बमोजिम लिलाम बढाबढबाट कायम हुने धितो सम्पतिको मूल्य प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ। उल्लेखित धितो सम्पति लिलाम बिक्री गरी वा सहकारी आफैले सकार गर्दा समेत सम्पूर्ण लेना रकम असुलउपर नभई बाँकी रहेमा ऋणी वा ऋणीका एकाघरका परिवारका सदस्यहरूको नाममा तथा व्यक्तिगत जमानी दिनेको नाममा रहेको, भएको चल अचल सम्पत्तिबाट असुलउपर गरिने व्यहोरा समेत यसै सूचनाबाट सुचित गरिन्छ।

**लिलामका शर्तहरू :-**

१. बोलपत्र फारम रु.१०/- (फिर्ता नहुने गरी) तिरी संस्थाबाट प्राप्त गर्न सकिने छ।
२. लिलामा अन्तिम पटक सबैभन्दा बढी बोल कबोल गरी सकार गरेर लिन चाहाने व्यक्ति वा संघ संस्थाले आफूले बोलकबोल गरेको कुल रकमको १० प्रतिशतका दरले हुने रकम धरैटी बापत तुरुन्त लिलाम बढाबढ गरेकै बखतमा नगदै वा संस्थाको नाममा जारी गरिएको 'क' वर्गको बैकको गुडफर पेमेन्ट चेक वा बैक ड्राफ्टको सक्कल सहित यस संस्थामा जम्मा गर्नु पर्नेछ।
३. लिलाम बिक्रीको बोलपत्र स्वीकृत व्यक्ति वा संघसंस्थाले लिलाम भएको मितिले ७ दिनभित्र कबुल गरेको सम्पूर्ण बाँकी रकम बुझाई नामसारी गर्नु पर्ने छ। नामसारी गरी नलिएमा धरौटी बापत रहेको धरौटी रकम स्वत: जफत हुनेछ।
४. लिलाम बिक्रीको बोलपत्र मिति २०८०/११/२८ गते दिउँसोको ४:०० बजेसम्म बुझाइसक्नु पर्नेछ।
६. लिलाम बिक्रीको बोलपत्र मिति २०८०/११/२९ गते बिहान १०:०० बजेदेखि बेलुकी ४:०० बजेसम्ममा लिलाम बढाबढ गरिने छ। कुनै कारणले तोकिएको दिन बिदा परेमा त्यसको लगतै सरकारी कार्यालय खुलेको दिन लिलाम बढाबढ गरिने छ साथै बिक्री गर्ने कार्य गर्दागर्दै काम सम्पन्न नभएमा त्यसको भोलिपल्ट (बिदा परेको दिन बाहेक) कारवाही अगाडि बढाइने छ।
७. लिलाम बिक्रीको लागि दरखास्त नपरेमा वा परेको दरखास्तमा लिलाम गर्न उचित नदेखेमा धितो संस्थाले सकार गर्ने वा पुन:लिलाम गर्न सक्नेछ।
८. लिलाम गर्ने दिनसम्मको संस्थाको लेना रकम र लिलामी गर्दा लागेको सबै खर्चसमेत लिलाम गर्दा प्राप्त रकमबाट असुलउपर गरिने छ।
९. लिलाम बिक्रीमा प्रचलित कानुनको अधिनमा रही नेपाली नागरिक एवम् अचल सम्पत्ति खरिद गर्न पाउने संघसंस्थाले मात्र भाग लिन पउने छ।
१०. धितो सुरक्षण रहेको अचत सम्पत्ति लिलाम बिक्रीमा सकार गरी लिन इच्छुकले उक्त अचल सम्पत्ति दाखिल खारेज गर्दा लाग्ने सम्पूर्ण शुल्क आफैंले व्यहोर्नु पर्ने छ।
११. लिलाम बढाबढ गर्दा अचल सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहने छ।

**लिलाम हुने स्थान** : सन्दुस बचत तथा ऋण सहकारी संस्था लि., कौशल्टार भक्तपुर
**लिलाम हुने मिति** : २०८०/११/२९ गते
**लिलाम हुने समय** : बिहान १०:०० बजेदेखि वेलुकी ४:०० बजेसम्म
**बोलपत्र फारम पाइने स्थान** : सन्दुस बचत तथा ऋण सहकारी संस्था लि., कौशल्टार भक्तपुर

### डिभिजन वन कार्यालय दाङ (दाङ) बाट रूखहरू कटान, मुछान, तथा घाटगद्दी गर्ने सम्बन्धी सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति :२०८०/१०/२३**

यस कार्यालय अन्तर्गत कालापानी खोला चक्ला वनको कार्य योजना अनुसार आ.व. २०८०/०८१ मा C१S१ सब कम्पार्टमेन्टमा पुनरूत्पादन कटान र अग्नी नियन्त्रण रेखामा परेका साल, असना लगायतका २४१ वटा रूखहरूको कटान, मुछान गरी उत्पादन हुने अनुमानित जम्मा ९१७५.८७ क्यू.फी. गोलिया काठ र ३०.०९ चट्टा दाउरा कटान क्षेत्रबाट ढुवानी गरि पुरन्धारा सव डिभिजन वन कार्यालयको परिसरमा पायलिङ्ग तथा घाटगद्दी गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। मु.अ.कर तथा स्थायी लेखा नम्बरमा दर्ता भएका, नियमानुसार डिभिजन वन कार्यालयमा सुचिकृत भएका काठ दाउराको कारोबार गर्ने इच्छुक संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितीले ३० औं दिन कार्यालय समय भित्र श्री वन निर्देशनालय, बुटवल वा डिभिजन वन कार्यालय, दाङ्ग (दाङ) मा बोलपत्र खरिद गरी ३१ औं दिन दिनको १२.०० बजे भित्र डिभिजन वन कार्यालय, दाङ्ग (दाङ) मा शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**डिभिजन वन कार्यालय दाङ (दाङ)**
**घोराही**

### सूचना ! सूचना !! सूचना !!!

भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका सिद्धिगणेश-७, कित्ता नं. ६७२, ७६८, ६८० जग्गामा निर्मित शम्भु माझिको घरको दोस्रो फ्ल्याटमा बस्ने खोटाङ्ग निवासी तपाई **विष्णु गुरुङ** मो.नं.९८६५५९५९५७ विगत एक वर्षदेखि सम्पर्कबीहिन रहेको र सम्पर्क गर्दा आउँछु भन्ने तर हालसम्म पनि सम्पर्कमा नआएको तथा भाडासमेत नबुझाएकोले मध्यपुर ठिमी वडा कार्यालय-७ र प्रहरी वृत्त भक्तपुर ठिमीबाट खटिइ आउनुभएका प्रतिनिधि तथा यस वडामा बस्ने-७ जना स्थानीयवासीको रोहवरमा उक्त कोठा खाली गरिएको छ, र प्रतिनिधिहरुबाट टिपोट गरिएका उक्त कोठाको संलग्न लिष्ट अनुसारको सामानहरु हालसम्म सुरक्षित रहेको छ। यो सूचना राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको मितिदेखि **३५ दिन**भित्र तपाईंको हालसम्मको बाँकी कोठा भाडा जम्मा रु. १,३८,७००।- बुझाई आफ्नो सामान लैजानुहुन यो सार्वजनिक सूचना जारी गरिएको छ। उक्त म्याद गुजारी बसेमा तपाईंको कुनै पनि हकदाबी लाग्ने छैन।

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/१०/२३ गते)

स्वार्गिय बिर बहादुर राईको छोरी, टेक बहादुर राईको श्रीमती जिल्ला, सुनसरी धरान-उप महानगरपालिका वडा न. १९ घर भई हाल जिल्ला सुनसरी धरान-उप महानगरपालिका वडा नं. १६ बस्ने धनमाया राईको मिति २०८०/०५/०३ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको धरान शाखामा रहेको बचत खाता २५४०२६५७३६२००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निजको बुहारी श्रीमती बिन्दु कुमारी राईले यस बैंक शाखा धरानमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय धरानमा हकदावी गर्न आउनुहोला। म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय धरान फोन नं. ०२५-५२१७४३**

### निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८०/१०/२३ गते)

स्वार्गिय ओजाङ्ग लिम्बुको नाति, शेर बहादुर लिम्बुको छोरा प्रदेश कोशी, जिल्ला धनकुटा साँगुरीगढि गाउँपालिका वडा नं. ०६ घर भई हाल जिल्ला, सुनसरी धरान-उप महानगरपालिका वडा न. ०५ बस्ने बिष्णु बहादुर लिम्बुको मिति २०८०/०५/१४ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको धरान शाखामा रहेको बचत खाता २५४०२८४२०८१००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निजको छोरा श्री बिक्रम लिम्बुले यस बैंक शाखा धरान मा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय धरानमा हकदावी गर्न आउनुहोला। म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय धरान फोन नं. ०२५-५२१७४३**

## 'मुटु त ढुक ढुक, कलेजो भ्याट भ्याट'

गायक तथा संगीतकार नन्दु गुरूङको स्वरमा रहेको गीत 'मुटु त ढुक ढुक कलेजो भ्याट भ्याट' को भिडियो सार्वजनिक भएको छ । गीतमा कुमार गुरूङको शब्द, सिद्धान्त खड्काको एरेन्ज र राजीव शाहको मिक्सिङ तथा मास्टरिङ छ । भिडियोमा सरोज प्रजा र बिना राउतसँगै विवेक, प्रितम, दावा र स्रूपक फिचर्ड छन् । बिनालाई देखेपछि दृष्टिविहिन बनेको नाटक गरेका सरोजको कर्तुत थाहा पाएपछि रिसाएकी बिनालाई सरोजले फकाउन गरेको प्रयासलाई भिडियोमा देखाइएको छ ।





# कलाकारका सिर्जनाले राष्ट्रको पहिचान दिन्छ : राष्ट्रपति



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली सङ्गीतमा नेपाली लोकजीवन, मौलिकपनको विकास र विस्तार एवं संरक्षण गर्नुपर्ने बताएका छन् ।

नातिकाजी स्मृति समाजले शीतलनिवासमा सोमबार आयोजना गरेको नातिकाजी राष्ट्रिय सङ्गीत सम्मान तथा पुरस्कार वितरण समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले नेपाली सङ्गीतमा विभिन्न जातजातिका बाजा, भाका, गीत, सङ्गीतका आफ्नै परिवेश, मौलिक धुन, विशिष्ट शैली र महत्व रहेको र त्यसको जगमा नै नेपाली राष्ट्रिय सङ्गीतको विकास हुँदै आएको धारणा व्यक्त गरे ।

'सिर्जना राष्ट्रका सम्पदा, संस्कृति राष्ट्रका पहिचान र कलाकार राष्ट्रका अमूल्य निधि हुन्,' उनले भने, 'कलाकार सृर्जना र संस्कृतिका संवाहक हुन्, कलाकारका साधनाबाट सिर्जित सिर्जनाले राष्ट्रको पहिचान स्थापित गर्नेगर्छ ।'

उनले नेपालको भौगोलिक विविधता र सांस्कृतिक विशिष्टता नै विश्वमा पृथक पहिचानका रूपमा रहेको र यहाँको बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषता विश्वमै नमूना रहेको उल्लेख गर्दै नेपाली समाजको विविधतालाई यिनै लोकसंस्कृति, गीत र सङ्गीतले एकढिक्का बनाउन सघाएको बताए ।

राष्ट्रपति पौडेलले नेपाली लोक भाका पछ्याउँदै नेपाली आधुनिक गीत सङ्गीतको सिर्जनामा नातिकाजीले पुर्‍याउनुभएको योगदान अतुलनीय रहेको स्मरण गरे । नेपाली गीत-सङ्गीतको क्षेत्रमा जीवनभर लाग्नुहुने स्रष्टालाई राज्यको तहबाटसमेत उचित महत्व दिँदै जानु नेपाली राष्ट्रिय हितकै विषयसमेत भएको उनले बताए । उक्त समारोहमा नातिकाजी स्मृति समाजका अध्यक्ष शम्भुजित बास्कोटाले यो सम्मानबाट कला क्षेत्रलाई थप उत्प्रेरणा मिलेको बताए । उनले स्रष्टाहरूका नाममा राज्यले पनि पुरस्कार स्थापना गरेर नवप्रतिभा तथा राष्ट्रका समग्र प्रतिभालाई प्रेरणा प्रदान गर्नुपर्ने सुझाव दिए ।

अध्यक्ष बास्कोटाले स्रष्टाहरूका सिर्जनाको सुरक्षा हुन नसकेको तथा मुलुकका स्रष्टाहरूले राम्रोसँग रोयल्टी पनि पाउन नसकेकाले यस विषयमा राम्रो कानुनको आवश्यकता रहेकामा पनि जोड दिए ।

उक्त समारोहमा नातिकाजी राष्ट्रिय विशिष्ट सङ्गीत सम्मान वरिष्ठ गीतकार आनन्द अधिकारी, वरिष्ठ वाद्यवादक केशव सुनाम, वरिष्ठ गीतकार भुषण खरेल, वरिष्ठ गीतकार सुनिल थापा, वरिष्ठ परम्परागत वाद्यवादक धर्म मुनिकार, वरिष्ठ गायक सुदेश शर्मा, वरिष्ठ वाद्यवादक कुमार सिंह र सुवर्ण लिम्बू, वरिष्ठ गीतकार राम भट्टराई र वसन्त वित्यासी थापालाई प्रदान गरिएको थियो ।

त्यस्तै, नातिकाजी राष्ट्रिय सङ्गीत पुरस्कार गीतकार विजय शिवाकोटी, सङ्गीतकार राजनराज शिवाकोटी, गायक शिशिर योगी र बानिका प्रधानलाई प्रदान गरिएको थियो । त्यसैगरी, नातिकाजी राष्ट्रिय प्रतिभा पुरस्कार गायक सञ्जय टुम्रोक, गायिका रचना रिमाल, सङ्गीतकार शशिविक्रम थापा, गीत रेकर्डिष्ट प्रकाश मिश्रलाई तथा नातिकाजी राष्ट्रिय लोकसङ्गीत पुरस्कार लोकगायक अमृत खाती र नातिकाजी राष्ट्रिय कला पत्रकारिता पुरस्कार शान्ति प्रिया र कृष्ण भट्टराईलाई प्रदान गरिएको थियो ।

# निम अवार्डको उत्कृष्ट मनोनयन सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** पावर ईन्टर नेशनल मिडिया नेपाल (पिम नेपाल) को आयोजनामा सम्पन्न हुन गैरहेको सातौं संस्करणको राष्ट्रिय समावेशी म्यूजिक अवार्ड (निम अवार्ड ) २०२४ को मनोनयन सार्वजनिक भएको छ ।

निम अवार्डको सातौं संस्करणको कार्यक्रमको व्यवस्थापकिय जिम्मेवारी एरा प्रोडक्सन प्रा.लि.ले लिएको छ । विभिन्न भाषाभाषीका गरी कुल ४१ विधामा प्रतिस्पर्धामा रहेका कलाकार, श्रष्टा तथा सर्जकहरूलाई अनलाईन भोटिङ प्रकृया र निर्णायकहरूको मतको आधारमा सर्वोत्कृष्ट घोषणा गरी अवार्ड प्रदान गरिने निम अवार्डका कार्यक्रम संयोजक कमला जोशीले बताएकी छिन् । प्रत्येक विधामा ५/५ वटा मनोनयनमा परेका छन्।

कार्यक्रमको समापन एक भव्य समारोहको विच फाल्गुनको चौथो साता सम्पन्न हुने भएको छ । उक्त कार्यक्रममा रजत सम्मान, पत्रकारिता पुरस्कार लगायत सम्मान तथा पुरस्कारहरू समेत प्रदान गरिने आयोजकले वताएका छन् ।

विगत सात वर्षदेखी पूर्व मेचिदेखी पश्चिम महाकालीसम्म देशभित्र र देशबाहिर रहेर नेपालमा बोलीने नेपाली लगायत अन्य विभिन्न भाषा भाषीहरूमा गीत संगीत तथा भिडियोहरू तयार पार्ने श्रष्ठा तथा सर्जकहरूलाई पिम नेपालले प्रोत्साहन स्वरूप समावेशी अवार्डको आयोजना हुदै आएको आयोजकले बताएका छन् । सातौं राष्ट्रिय समावेशी म्युजिक अवार्ड (निम अवार्ड) को लागि एमेन्टोज डटकम मार्फत अनलाइन भोटिङ पनि खुल्ला गरिएको बताइएको छ ।

# 'दयारानी'को पोखरामा प्रिमियर

■ प्रभाव संवाददाता

**पोखरा–** अगामी शुक्रवारबाट सार्वजनिक प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'दयारानी' पोखरामा प्रिमिएर भएको छ ।

आइतबार पोखराको मिडटाउन सिनेमाज्मा भएको प्रिमिएरमा पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, गण्डकी प्रदेशका पूर्व अर्थमन्त्री किरण गुरुङ, मादी गाउँपालिकाका अध्यक्ष देवीजङ्ग गुरुङ, कवि रमेश श्रेष्ठ, कलाकार प्रकाश घिमिरे, गायक तथा सङ्गीतकार राजनराज शिवाकोटी, 'दयारानी' का लेखक तथा निर्देशक माओत्से गुरुङ, अभिनेत्री दिया पुनः लगायतको उपस्थिति थिए ।

कार्यक्रममा पूर्व अर्थमन्त्री किरण गुरुङले फिल्मले माओत्से गुरुङलाई कलाकारितासँगै निर्देशन र लेखनमा समेत अब्बल ठहरिएको धारणा राखे । नि:सन्तान हुँदा घरपरिवार र समाजले हेर्ने दृष्टिकोणलाई फिल्मले देखाएको उनको भनाई थियो ।

कार्यक्रममा मेयर धनराज आचार्यले पोखरामा पछिल्लो समय एकपछि अर्को साहित्य, कला र सिनेमा क्षेत्रका गतिविधिहरू भइरहेको देख्दा खुसी लागेको बताए ।

मादी गाउँपालिकाका अध्यक्ष देवीजंग गुरुङले आफ्नो गाउँपालिकाको याङ्जाकोटमा छायांकन गरिएको 'दयारानी' मार्फत यो ठाउँको पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने विश्वास लिए । उनले मादी गाउँपालिकाका धेरै ठाउँ फिल्म छायांकनका लागि उत्कृष्ट रहेको जानकारी दिए ।

'दयारानी' निर्देशक तथा लेखक माओत्से गुरुङले कलाकार भएर अभिनय गुर्नभन्दा बढी निर्देशनमा गाह्रो हुने अनुभव सुनाए । उनले भने,- 'कलाकार भएर थुप्रै सिनेमामा अभिनय गरिएको छ । अभिनयमा त्यति अप्ठ्यारो लाग्दैन जति निर्देशनमा लाग्छ । निर्देशन गर्दा जिम्मेवारी हुन्छ ।'

बाँसुरी फिल्मस् र माओत्से फिल्मसको ब्यानरमा निर्माण भएको फिल्मलाई शैलेन्द्रध्वज कार्कीले खिचेका हुन् । दयाहाङ राई, दिया पुन, विजय बराल, प्रमिशा गुरुङ, पुष्कर गुरुङ, टिकाराम घले, शिरिषा कुँवर, नयन गुरुङ, सुर्य सुनार, राजेन्द्र थापा, सीतादेवी गुरुङ र क्रिष्टी गुरुङ लगायतका कलाकारको फिल्ममा अभिनय छ ।

मोहन गुरुङ, किरण गुरुङ, केन्द्र लिम्बु र न्यू आइटी भेन्चरको सहकार्यमा निर्माण भएको फिल्मका कार्यकारी निर्माता रामबाबु गुरुङ र अपिल विष्ट हुन् ।



प्रथम विश्वविद्यालय खेलकुद

# एथलेटिक्समा त्रिविलाई पाँच स्वर्ण




■ प्रभाव संवाददाता

**काठमाडौं-** त्रिभुवन विश्वविद्यालय (टीयू) ले प्रथम विश्वविद्यालय खेलकुद प्रतियोगिताको पहिलो दिन सोमबार एथलेटिक्समा पाँचवटा स्वर्ण पदक जितेको छ । पहिलो दिन ६ स्वर्णका लागि प्रतिस्पर्धा भएकोमा बाँकी एक स्वर्ण भने सुदूरपश्चिम विश्वविद्यालयले हात पार्‍यो ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) द्वारा आयोजित प्रतियोगिताको पुरुष एक हजार पाँच सय मिटर दौडमा टीयूका शेरबहादुर अधिकारी पहिलो भए । उनले निर्धारित दूरी चार मिनेट ३०.१ सेकेन्डमा पूरा गरे । टीयूकै विकेश घिमिरे दोस्रो र सुदूरपश्चिमका खेमराज जोशी तेस्रो भए ।

सोही स्पर्धाको महिलातर्फ टीयूकी राज्यलक्ष्मी रावलले निर्धारित दूरी पाँच मिनेट २५.५ सेकेन्डमा तय गर्दै पहिलो स्थान हासिल गरिन् । काठमाडौं विश्वविद्यालयका आल्षा रेग्मी दोस्रो र लुनिया त्वायना तेस्रो भए । दशरथ रंगशालामा भएको पुरुष चार सय मिटर दौडमा सुदूरपश्चिमका मुकेश विष्ट पहिलो भए । उनले निर्धारित दूरी तय गर्न ५६.३५ सेकेन्ड समय खर्चिएका थिए । टीयूका दिवस रेग्मीले रजत र गण्डकी विश्वविद्यालयका सुजल केसीले कांस्य जिते ।

उक्त स्पर्धाको महिलातर्फ टीयूकी अनामिका देवकोटा पहिलो भइन् । उनले निर्धारित दूरी एक मिनेट १५.३५ सेकेन्डमा पूरा गरिन् । सुदूरपश्चिमकी भावना पाण्डे दोस्रो र गण्डकीकी कृति गिरी तेस्रो स्थानमा रहे । पुरुष लङजम्पमा टीयूका दिवस रेग्मी पहिलो भए । उनले ६.२७ मिटर जम्प गरे ।

उक्त स्पर्धामा सुदूरपश्चिमाञ्चलका मुकेश विष्ट दोस्रो र लुम्बिनी विश्वविद्यालयका अभिषेक गुप्ता तेस्रो भए । सोही स्पर्धाको महिलातर्फ टीयूकी संचिता घिमिरेले स्वर्ण चुमिन् । संचिताले ४.२४ मिटर जम्प गरिन् । लुम्बिनीकी रमिता रावत दोस्रो र सुदूरपश्चिमकी भावना पाण्डे तेस्रो भए ।

यसैगरी, टेबलटेनिसको पुरुष डबल्समा टीयूका रजोजमान ढकु र आदित्य धौनियाको जोडीले स्वर्ण पदक जित्यो । उक्त जोडीले फाइनलमा नेपाल संस्कृत विश्वविद्यालयका गनन्जय दाहाल र विदुर खनालको जोडीलाई ३-० को सोझो सेटमा पराजित गर्‍यो । पोखराका विवेक ढकाल र देवबहादुर भुजेल तथा गण्डकीका अनुष कुँवर र दिपेश रानाभाटको जोडी संयुक्त रूपमा तेस्रो भए ।

पुरुष सिंगल्समा नेपाल संस्कृत विश्वविद्यालयका गनन्जय दाहालले टीयूका आदित्य धौनियालाई ३-० र टीयूका रजोजमान ढकुले काठमाडौंका प्राञ्जयप्रकरण श्रेष्ठलाई ३-० ले पाखा लगाउँदै फाइनलमा स्थान सुरक्षित गरे । लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको महिला सिंगल्समा टीयूकी लस्ता महर्जनले सुदूरपश्चिमकी रेखा विष्टलाई ३-० र पोखरा विश्वविद्यालयकी मनीषा श्रेष्ठले टीयूकी गीताञ्जली गुरुङलाई ३-२ ले पन्छ्याउँदै फाइनलमा स्थान बनाए ।

यसैगरी, जावलाखेलस्थित राष्ट्रिय खेलकुद प्रशिक्षण केन्द्रमा जारी भलिबलमा सेमिफाइनल समीकरण पूरा भएको छ । कृषि तथा वन विश्वविद्यालयले टीयूसँग र पोखराले मध्यपश्चिम विश्वविद्यालयसँग सेमिफाइनलमा प्रतिस्पर्धा गर्नेछन् । भलिबलमा पुरुषतर्फ मात्र प्रतिस्पर्धा भइरहेको छ ।

प्रतियोगिताको राखेपका उपाध्यक्ष एवं प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन कार्यदलका संयोजक शिव कोइरालाले एक कार्यक्रमबिच उद्घाटन गरेका थिए । सो अवसरमा राखेपका निमित्त सदस्यसचिव प्रकाशकुमार कुसारी, सदस्य पेमा डोल्मा लामा, बिना श्रेष्ठ, दिपेन्द्र विष्टलगायतको उपस्थिति रहेको थियो ।

दुई दिने प्रतियोगितामा एथलेटिक्स, भलिबल, टेबलटेनिस र ब्याडमिन्टन गरी चार खेल समावेश छन् । भलिबलमा छात्र टोली मात्र सहभागी छ । विभिन्न १० विश्वविद्यालयका दुई सय ८० जना खेलाडीको सहभागिता रहेको प्रतियोगितामा २३ स्वर्णका लागि प्रतिस्पर्धा भइरहेको छ ।

जिल्लास्तरीय क्रिकेट

# बिसिसी र ग्रामथान विजयी

■ प्रभाव संवाददाता

**विराटनगर –** विराटनगर क्रिकेट क्लब (बिसिसी) र ग्रामथान क्रिकेट क्लब मोरङ जिल्लास्तरीय 'बी डिभिजन' क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा पुगेका छन् । यी दुबै क्लब विराटनगरको वैजनाथपुर क्रिकेट मैदानमा जारी प्रतियोगिताको सोमबारको खेलमा जित हात पार्दै सेमिफाइनलमा पुगेका हुन् ।

पहिलो खेलमा बिसिसीले होराइजन क्रिकेट क्लवलाई पाँच विकेटले हरायो । टस जितेर ब्याटिङ रोजेको होराइजनले निर्धारित २३ ओभरमा सात विकेट गुमाउँदै एक सय ११ रन बनाएको थियो । होराइजनका लागि सुजन भट्टराईले ४० र अनवर अन्सारीले १३ रन बनाए । बिसिसीका बलर कृतिक कामत र अविषेक मण्डलले दुई-दुई विकेट लिए ।

एक सय १२ रनको लक्ष पछ्याएको बिसिसीले २० ओभरमा पाँच विकेट गुमाएर जित हासिल गरेको थियो । बिसिसीको जितमा धिरज कामतले ३९, अमन गुप्ताले २७ र कृतिक कामतले अविजित २२ रनको योगदान गरे । होराइजनका बलर मनिस मण्डल, अमन मण्डल, सुजल भट्टराई, श्रवण मण्डल र लविस भण्डारीले एक-एक विकेट विकेट लिए ।

सोमबार नै भएको दोस्रो खेलमा ग्रामथान क्रिकेट क्लवले जहदा क्रिकेट क्लवलाई तीन विकेटले पराजित गर्‍यो । टस जितेर ब्याटिङ रोजेको जहदाले निर्धारित ओभरमा नौ विकेट गुमाउँदै एक सय ११ रन बनाएको थियो । जहदाका विवेक मुखियाले १७ र विशाल मण्डलले १२ रन बनाए । ग्रामथानका बलर पारस चौधरी एक्लैले पाँच विकेट लिए ।

एकसय १२ रनको लक्ष्य पछ्याएको ग्रामथानले सात विकेट गुमाएर जित हासिल गर्यो । ग्रामथानको जितमा म्यान अफ दी म्याच घोषित अनिष विश्वकर्माले ४३ रनको योगदान गरे । विकाश कार्कीले पनि १५ रन बनाए । जहदाका बलर आमोद मण्डल र पाण्डव मण्डलले दुई-दुई विकेट लिए ।

## विश्वकप खेलेर फर्कियो नेपाली टोली

**काठमाडौं (प्रस)–** आइसिसी यू-१९ विश्वकप खेलेर नेपाली क्रिकेट टिम सोमबार स्वदेश फर्किएको छ ।

साउथ अफ्रिकामा भएको उमेर समूहको विश्वकप क्रिकेटमा सहभागीता जनाएर नेपाली टिम स्वदेश फर्किएको हो । नेपाली टिमलाई नेपाल क्रिकेट संघका उपाध्यक्ष रोशन सिंहले त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा स्वागत गरेका थिए ।

नेपालले समूह चरणमा न्युजिल्याण्ड र पाकिस्तानसँग हार ब्यहोरेको थियो भने अन्तिम खेलमा अफगानिस्तानलाई हराउँदै पहिलो पटक विश्वकप क्रिकेटको सुपर सिक्समा प्रवेश गरेको थियो ।

सुपर सिक्समा भने नेपाली टिमले बंगलादेश र भारतसँग पराजित बनेको थियो । केही खेलाडीले उमेर समुहमा उत्कृष्ट प्रर्दशन गर्दै राष्ट्रिय टिमको ढोका खोलेका छन् ।

## सेन्ट जेभियर्स र मोडेल फाइनलमा

**नेपालगन्ज (प्रस) –** मेयर कप अन्तर विद्यालय छात्र-छात्रा फुटबल प्रतियोगिताको छात्रतर्फ नेपालगञ्ज सेन्ट जेभियर्स र नेपालगञ्ज मोडेल एकेडेमी फाइनलमा प्रवेश गरेका छन् ।

छात्रातर्फ मनकामना मावि, खजुरा फाइनलमा पुगेको छ । नेपालगञ्ज उपमहानगर पालिकाको सहयोगमा बाँके जिल्ला फुटबल संघले आयोजना गरेको प्रतियोगितामा सेन्ट जेभियर्सले जय बागेश्वरी र नेपालगञ्ज मोडेलले कृष्ण माविलाई पराजित गर्दै फाइनलमा पुगेका हुन् ।

धम्बोझीस्थित एन्फा ग्रासरुट ट्रेनिङ सेन्टरमा भइरहेको प्रतियोगितामा सेन्ट जेभियर्सले जय बागेश्वरीलाई १-० गोलले पराजित गर्‍यो । ४५ मिनेटमा आशिष सुनारले गरेको गोल नै निर्णायक भएको थियो ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०५८/०८/१८ मा दर्ता भएको **प्रा.लि. नं. १७२३४ को रिलायन्स ट्रेनिङ्ग कन्सल्टेन्सी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१०/१८ को निर्णयअनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# सेयरसम्बन्धी मुद्दामा सामसुङका प्रमुखले पाए सफाइ

**सियोल-** दक्षिण कोरियाको एक अदालतले सामसुङ इलेक्ट्रोनिक्सका प्रमुख ली जे-योङलाई निर्माण तथा इन्जिनियरिङ कम्पनी सामसुङ सी एण्ड टी र चेइल इन्डस्ट्रिजबीच सन् २०१५ को विवादास्पद कम्पनी एकीकरण हुँदा गरिएको सेयरसँग सम्बन्धित विभिन्न अपराधबाट सोमबार सफाइ दिएको छ ।

योनहाप समाचार एजेन्सीका अनुसार अदालतले आलोचकहरूले खराब नियतले सामसुङको तेस्रो पुस्तामा लीलाई स्थापित गर्ने उद्देश्यबाट गरिएको भनी दाबी गरेको एकीकरण (मर्जर) को माध्यमबाट 'सेयरधारक'हरूलाई हानि पुऱ्याउने मनसायलाई मान्यता नदिएको ठहर गरेको छ । योनहाप समाचार एजेन्सीका अनुसार अदालतको फैसलामा 'लीको नियन्त्रणलाई बलियो बनाउनु र उनको उत्तराधिकार सुनिश्चित गर्नु मर्जरको एकमात्र उद्देश्य नभएको' ठहर गरिएको छ ।

सियोल सेन्ट्रल डिस्ट्रिक्ट कोर्टको फैसलाले सन् २०१५ मा निर्माण तथा इन्जिनियरिङ कम्पनी सामसङ सी एण्ड टी र चेइल इन्डस्ट्रिजबीच भएको मर्जरमा सेयर मूल्यमा धाँधली, विश्वासघात र लेखासम्बन्धी भ्रष्टाचारलगायत विभिन्न आरोपबाट लीलाई सफाइ दिएको हो ।

'आजको फैसलाले एकीकरणका क्रममा कम्पनीहरूको सेयर विभाजन वैध थियो भन्ने ठहर गरेको छ । हामी अदालतको विवेकपूर्ण निर्णयका लागि हार्दिक धन्यवाद दिन्छौं,' लीका वकिलद्वारा जारी संक्षिप्त वक्तव्यमा भनिएको छ । आलोचकहरूले सन् २०१५ को अधिग्रहणले जानीजानी निर्माण फर्मको सेयर मूल्यलाई कम मूल्यांकन गरेको यसको सेयरधारकहरूलाई अनुचित रूपमा प्रभावित पारेको दाबी गरेका थिए ।

उच्चस्तरीय जालसाजी र अनियमितताको मुद्दामा जेल सजाय भुक्तान गरिसकेका ली सामसुङ इलेक्ट्रोनिक्सका वर्तमान कार्यकारी अध्यक्ष छन् । योनहापको एक रिपोर्टका अनुसार यस सम्झौतामा सामसुङको सी एण्ड टीको तीन वटा सेयर बजारीकरण सेयरको लागि प्रस्ताव गरिएको थियो । अभियोजन पक्षले नोभेम्बरमा आफ्नो अन्तिम बहसमा कम्पनीहरूको सेयर विभाजन प्रक्रियामा समूह प्रमुखको सहज उत्तराधिकारको लागि 'केही अवैध कार्यहरू अवलम्बन गरिएको उल्लेख गरिएको थियो ।

'कम्पनीका मालिक समूहहरूलाई व्यक्तिगत स्वार्थ पूरा गर्न अनुमति दिने संरचना कोरियाको बढ्दो छुटको सबैभन्दा ठूलो कारण हो,' अभियोजन पक्षले दक्षिण कोरियाली व्यवसायहरूको कथित विश्वव्यापी अवमूल्यनलाई संकेत गर्दै भनेको छ, 'देशको नम्बर एक कम्पनी सामसङले यो काम गरेकोमा हामी निकै दुःखी छौं ।'

लीले अदालतमा आफू 'मर्जरमा व्यक्तिगत स्वार्थ' बाट प्रेरित नभएको बताएका थिए । 'मैले अन्य सेयरधारकहरूलाई क्षति पुऱ्याउने खर्चमा मेरो हिस्सेदारी बढाउने कल्पना गरेको थिइनँ,' योनहापले उनको दाबीलाई उद्धृत गर्दै लेखेको छ । एक पर्यवेक्षकले एएफपीसँग कुरा गर्दै लीलाई 'फ्रि पास' दिइएको भन्दै अदालतले उनलाई सफाइ दिएकोमा आफूहरू स्तब्ध भएको बताएका छन् ।

नागरिक समूह 'सिटिजन्स कोलिसन फर इकोनोमिक जस्टिस'का निर्देशक ओह से-हचुङले भने, 'अदालतले लीविरुद्ध केही प्रमाणहरू उचित प्रक्रियाविना नै संकलन गरिएको आधारमा आफ्नो निर्णयलाई आधार बनाएको देखिन्छ ।

ओहले भने, 'तर यसले मात्र लीलाई स्वतन्त्र सफाइ दिनु हुँदैनथ्यो । अभियोजन पक्षले उनलाई जवाफदेही बनाउन सक्दो प्रयास गरेको छ कि छैन भन्नेमा मलाई शंका लागेको छ । मुद्दाबारे पहिलोपटक सुनुवाइ सुरु भएको करिब तीन वर्षपछि यो फैसला आएको हो । *रासस/एएफपी*

# पाकिस्तानको प्रहरी चौकी आक्रमण, १० सुरक्षाकर्मीको मृत्यु

**पेशावर-** उत्तरी पाकिस्तानको एक प्रहरी चौकीमा सोमबार बिहान दर्जनौं लडाकुले आक्रमण गर्दा कम्तीमा १० जना सुरक्षा अधिकारीको मृत्यु भएको वरिष्ठ प्रहरी कमान्डरले बताएका छन् । पाकिस्तानमा आमचुनावमा मतदान हुनुभन्दा केही दिनअघि नै उम्मेदवार र पार्टीका समर्थकमाथि दर्जनौं आक्रमण भइसकेका छन् ।

'चौकीमा ३० भन्दा बढी आक्रमणकारीले तीन दिशाबाट हमला गरेका थिए । खैबर पख्तुनख्वा प्रान्तका प्रहरी प्रमुख अख्तर हयात गण्डापुरले एएफपीसँग भने, 'साढे दुई घण्टाभन्दा बढी सशस्त्र झडप भएको उक्त घटनामा कम्तीमा १० सुरक्षाकर्मी मारिएका छन् ।' उनले डेरा इस्माइल खान जिल्लाको चौधवान प्रहरी चौकीमा भएको आक्रमणमा अन्य चार सुरक्षाकर्मी घाइते भएको जानकारी दिए ।

खैबर पख्तुनख्वाको सीमावर्ती क्षेत्रमा वर्षौंदेखि पाकिस्तानी तालिवान, इस्लामिक स्टेट र अन्य समूहले सरकार र सुरक्षा लक्ष्यमा आक्रमण गर्नुका साथै सर्वसाधारणलाई लक्षित गर्ने गरेका छन् । गण्डापुरको स्थानीय प्रशासनले एएफपीलाई बताएअनुसार आक्रमणकारीहरूले सोमबार बिहान आक्रमणको क्रममा केही समयका लागि प्रहरी चौकीलाई नियन्त्रणमा लिएका थिए ।

गत हप्ता पाकिस्तानको दक्षिणपश्चिम क्षेत्रमा रहेको एक सरकारी भवन परिसरमा बलोच पृथकतावादी समूहले लुकीछिपी आक्रमण गरेपछि भएको घटनामा २४ जना लडाकु मारिएको सेनाले जनाएको थियो । आक्रमण र त्यसपछिको खोजी कारबाहीमा चार सुरक्षाकर्मी र दुई सर्वसाधारणको मृत्यु भएको थियो । प्रतिबन्धित बलोच पृथकतावादी समूह बलुचिस्तान लिबरेशन आर्मी (बिएलए)ले सामाजिक सञ्जालमा एक विज्ञप्ति जारी गर्दै उक्त आक्रमणको जिम्मेवारी लिएको छ ।

पाकिस्तानको निर्वाचन आयोगले गत हप्ता खैबर पख्तुनख्वा र बलुचिस्तान प्रान्तमा पूर्वनिर्धारित कार्यक्रमअनुसार नै मतदान हुने बताएको थियो । हिंसा भड्किएपछि सुरक्षा अधिकारीहरूसँग आकस्मिक बैठक गरी निर्वाचन कार्यक्रम यथावत् रहने बताएको थियो । मतदाताको सुरक्षाका लागि देशभर हजारौं सुरक्षाकर्मी परिचालन गरिने सरकारले जनाएको छ । *रासस/एएफपी*

# २० लाख पर्यटक भित्र्याउने लक्ष्यमा माल्दिभ्स

**कोलम्बो-** माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जुले माल्दिभ्सको पर्यटन उद्योगको स्थापनापछि माल्दिभ्सको इतिहासमा पहिलोपटक सन् २०२४ मा २० लाख पर्यटक भित्र्याउन सक्ने बताएका छन् ।

मुइज्जुले सोमबार बिहान जारी १९औं संसद्को अन्तिम अधिवेशनको उद्घाटन बैठकमा राष्ट्रपतिका रूपमा आफ्नो पहिलो सम्बोधनमा उक्त कुरा बताएका हुन् । राष्ट्रपति मुइज्जुले बेलाना अन्तर्राष्ट्रिय विमानस्थल (भिआइए) को विस्तारले वर्षको मध्यसम्ममा औसतमा १०.३ प्रतिशतले पर्यटक आगमनमा वृद्धि हुने बताए ।

माल्दिभ्स सरकारले यस वर्ष २० वटा नयाँ रिसोर्ट खोल्न चाहेको र ती रिसोर्टले दुई हजार ८२७ बेड निर्माण गर्ने बताए । विभिन्न कारणले रोकिएका टापु, जग्गा प्लटिङ र तालको विकासका लागि अवरोधको पहिचान गरी सम्भावित समाधानको खोजी भइरहेको राष्ट्रपति मुइज्जुले बताए ।

माल्दिभ्सको आधिकारिक तथ्यांकअनुसार सन् २०२३ मा माल्दिभ्समा १८ लाखभन्दा बढी विदेशी पर्यटक आएका छन् । माल्दिभ्सको पर्यटन मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार माल्दिभ्समा यस वर्षको जनवरीमा एक लाख ९२ हजारभन्दा बढी पर्यटक भित्रिएका छन्, जुन गत वर्षको सोही अवधिको तुलनामा ११.५ प्रतिशतले बढी हो । *रासस/सिन्ह्वा*

**बागमती प्रदेश सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**उद्योग तथा वाणिज्य कार्यालय**
**त्रिपुरेश्वर, काठमाडौं**

## प्रविधि हस्तान्तरणको लागि प्रस्ताव आव्हान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८०/१०/२३)

यस कार्यालयबाट आ.व. २०८०/८१ मा इच्छुक लघु, घरेलु तथा साना उद्योगहरूको लागि प्रविधि हस्तान्तरण कार्यविधि, २०७९ को अधिनमा रही कार्यालय र सम्बन्धित उद्योग/उद्यमीको ५०/५० प्रतिशत लागत साझेदारीमा प्रविधि (मेशीन, औजार र उपकरण) उपलब्ध गराइने भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन (२०७९।११।०८) भित्र रू १०० राजस्व तिरी रितपूर्वक प्रस्ताव (निवेदन) पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**संलग्न गर्नुपर्ने कागजात**

निवेदनको ढाँचा (कार्यालयबाट प्राप्त गर्न सकिने)
उद्योग दर्ता प्रमाणपत्र र आ.व. ०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
माग गरिए बमोजिमका कागजातहरू

**विस्तृत जानकारीका लागि:**

घरेलु तथा साना उद्योग कार्यालय, त्रिपुरेश्वर, काठमाडौं
सम्पर्क न. ०१-५३६१४५०, ९८६४१६०७०० फेसबुक पेज: csioktm, ईमेल: csiokathmandu@gmail.com


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BHANU CLEANING AND CONTRACTING
पुर्व स्वीकृति मिति २०८०/०९/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२२ | LT. No. 297414 | चलानी नं. ६०२१२४४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 0 | 1 | 3600 | १३२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Buidling Worker | 3 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 3 | Carpenter | 3 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 4 | Cashier | 0 | 1 | 1500 | ५५,०२५ | | | | | | | |
| 5 | Driver | 2 | 0 | 1500 | ५५,०२५ | | | | | | | |
| 6 | Foreman | 5 | 0 | 2500 | ९१,७१० | | | | | | | |
| 7 | General Clean Worker | 8 | 1 | 1000 | ३६,६८५ | | | | | | | |
| 8 | Helper | 5 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 9 | Labour | 24 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 10 | Labour Services | 5 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 11 | Mason | 6 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 12 | Painter | 3 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 13 | Plaster Worker | 3 | 0 | 1200 | ४४,०२० | | | | | | | |
| 14 | Receptionist | 1 | 0 | 1500 | ५५,०२५ | | | | | | | |
| 15 | Supervisor | 4 | 0 | 3000 | ११०,०५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १ गते (13th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५
JALAJALA RECRUITMENT PVT.LTD
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
Mobile No. 9849007152, E-mail: jalajalarecru2017@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JEEL AL-MAIDAN FACTORY FOR BLOCKS AND READY MIXED CONCRETE
पुर्व स्वीकृति मिति २०८०/१०/२१ | LT. No. 299403 | चलानी नं. ६०२१४३७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६४,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १ गते (13th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASMITA INTERNATIONAL OVERSES P. LTD.
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com
Govt. License 771/065/066

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROAD IMPORTS COMPANY FOR AUTOMOTIVE SERVICES
पुर्व स्वीकृति मिति २०८०/१०/२२ | LT. No. 299415 | चलानी नं. ६०२१४३७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker/load And Unload | 2 | 0 | 1000 | ३५,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १ गते (13th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD.
Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAS ALKHAIMAH CLEANING AND SERVICES
पुर्व स्वीकृति मिति २०८०/१०/२२ | LT. No. 299424 | चलानी नं. ६०२१४३८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 5 | 1000 | ३६,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १ गते (13th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

White Horse International Pvt. Ltd.
Govt. License 966/067/68
Tinkune, Kathmandu, Nepal, Tel No: 014782040

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VIN ART BULDING MATERIALS SDN BHD
पुर्व स्वीकृति मिति : २०८०/१०/२१ | LT. No. 298826 | चलानी नं.६०२१४१७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १ गते (13th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Api Manpower Solutions Pvt Ltd
Lic No. 1115/073/074
Kusunti-14, Lalitpur, Nepal
Tel:+977-01-5554927, 5554928 E-mail: info@apimanpower.com, apimanpowers@gmail.com Website : www.apimanpower.com

## युएई/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABIAN GULF SECURITY SERVICES L.L.C
पुर्व स्वीकृति मिति : २०७८/१२/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८०/१०/२२ | LT. No. 260310 | चलानी नं.६०१७७८७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 0 | 1600 | ५३,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL KHLOOD TRADING CONT AND SERVICES
पुर्व स्वीकृति मिति : २०७८/११/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/१०/२२ | LT. No. 258726 | चलानी नं. ६०१७५२९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 3 | 0 | 1200 | ४४,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 3 | 0 | 1200 | ४४,१४० | | | | | | | |
| 3 | Plaster Worker | 4 | 0 | 1200 | ४४,१४० | | | | | | | |
| 4 | Plumber | 2 | 0 | 1200 | ४४,१४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० फागुन १ गते (13th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pari Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL CAPABILITIES COMPANY FOR COMMERCIAL SERVICES
पुर्व स्वीकृति मिति २०८०/०७/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/२२ | LT. No. 294388 | चलानी नं. ६०२०९५९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 3 | 0 | 1500 | ५३,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मघ २४ गते (7th Feb. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोहखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११८५०० | प्रति तोला – ११७९५० | प्रति तोला – १३९० |



**कायाकिङको मज्जा** | नारायणी नदीमा सोमबार पहिलोपटक आयोजना गरिएको कायाकिङ खेलमा सहभागी प्रतियोगी । कायाकिङले पर्यटकको आगमन बढ्ने अपेक्षा लिइएको छ । *तस्बिरः विष्णुप्रसाद गौडेल/रासस*

# 'आर्थिक परिवर्तनको मेरूदण्ड शिक्षा'

■ प्रभाव संवाददाता

**त्रिशूली (नुवाकोट)–** अर्थमन्त्री डा प्रकाशरण महतले आर्थिक परिवर्तनको मेरुदण्ड नै शिक्षा हो भनेका छन् ।

नुवाकोटको दुप्चेश्वर गाउँपालिका-२ स्थित वीरेन्द्र माध्यमिक विद्यालयको ३५औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उनले रोजगार सिर्जना, आर्थिक उपार्जनलगायत क्षेत्रका लागि शिक्षा नै पहिलो आधार रहेको बताए ।

'विकासका लागि पूर्वाधार निर्माण आवश्यक पर्दछ । यसले दैनिक जीवनयापनमा सहजता ल्याउने भए पनि त्योभन्दा ठूलो शिक्षाको विकास सबैभन्दा शक्तिशाली माध्यम हो,' अर्थमन्त्री महतले भने, 'आम्दानीको स्रोत बढाउन, बचत गर्न र भविष्य कसरी उज्वल बनाउन सकिन्छ भन्ने मुख्य बाटो नै शिक्षाले देखाउँछ ।'

व्यवस्थित सडक, खानेपानी, सिँचाइ कुलो, स्वास्थ्य सेवा सबै विकासको सूचक भएकाले त्यसलाई शिक्षाका माध्यमबाट दक्ष बनाई उपयोगी र रोजगारमुखी बनाउन सरकारले शिक्षाको गुणस्तरमा जोड दिएकाले सोहीअनुसार लाग्न उनले अभिभावक र विद्यालय प्रशासनलाई आग्रह गरे ।

'भागबण्डा गर्न नपर्ने र अरुले चोरी गर्न नसक्ने हुदाँ सीप र शिक्षा सबैभन्दा ठूलो सम्पत्ति हो,' अर्थमन्त्री महतले भने, 'पढाइमा गरेको लगानी खेर जादैन । प्रतिफल मिल्छ। समयअनुसार प्रविधिमैत्री र प्राविधिक शिक्षामा केन्द्रित हुनुपर्छ ।' उमेरअनुसार शिक्षा लिन नपाएकालाई राज्यले रोजगारको सिर्जनाका लागि तालिम दिएर दक्ष जनशक्ति बनाउन लागिएको उनले बताए ।

होटल र होमस्टेका विभिन्न विधाका सीप सिकाउनेदेखि विद्युतीय सामग्री मर्मतलगायत मागमा आधारित तालिमबाट रोजगारको सिर्जना गर्न शिक्षा र सीपमा सरकारले नयाँ योजना बनाएर आवश्यकताअनुसार बजेट उपलब्ध गराउने उनको भनाइ थियो ।

नेपाल टेलिकम वार्षिकोत्सव

# 'सूचना प्रविधिको विकास र प्रयोग उच्च प्राथमिकतामा'

■ प्रभाव संवाददाता

**काठमाडौं –** सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले सरकारले सूचना प्रविधिको विकास र प्रयोगलाई उच्च प्राथमिकतामा राखेको बताएकी छिन् । नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको २०औं वार्षिकोत्सवका अवसरमा सोमबार आयोजित समारोहमा उनले सूचना प्रविधिको आधारभूत पूर्वाधार दूरसञ्चार भएको उल्लेख गर्दै भनिन्, 'सरकारको डिजिटल नेपालको अवधारणा कार्यान्वयन गर्न अप्टिकल फाइभर विस्तार गरी सूचना महामार्ग निर्माण गर्ने, मुलुकका सबै क्षेत्रमा दूरसञ्चार सेवाको पहुँच र गुणस्तर वृद्धि गर्ने तर्फ कम्पनीका कार्यक्रम परिलक्षित छन् ।'

उनले टेलिकमबाट वितरण भएका सम्पूर्ण सेवालाई नमुना दूरसञ्चार सेवाका रूपमा विकास गर्नका लागि यस वर्ष १९ जिल्लालाई छनोट गरी पूर्वाधार विस्तार, सेवाको पहुँच, सेवाको गुणस्तर, मर्मत सम्भार, सेवाको वितरण प्रभावकारी बनाउने व्यवस्था मिलाइएको बताइन् । मन्त्री शर्माले भनिन्, 'सबै राजमार्गमा पहुँच र गुणस्तरीय सेवा पुऱ्याउने विषयलाई कार्यक्रममा राखिएको छ । यस वर्षदेखि सस्तो दरमा इन्टर नेटको अन्तर्राष्ट्रिय ब्याण्डविथ सेवा खरिद भएको छ ।' साथै उनले हासिल हुन नसकेको बाँकी उपलब्धिको कारण




पहिल्याई कमिकमजोरीमा सुधार गरी थप कार्ययोजना र ऊर्जाका साथ एकताबद्ध भएर अगाडि बढ्न आग्रह गरिन् ।

यसबाहेक कम्पनीमा भइराखेका अनुत्पादक खर्च नियन्त्रण गर्न र कम्पनीको हालको अवस्थाअनुसार कम्पनीले आगामी दिनमा लिने पहलमा सुक्ष्म रूपमा अध्ययन गरेर बजारको अवस्था र आगामी दिनमा आइपर्ने कुरालाई ध्यानमा राखी प्रविधि, व्यापार, आर्थिक र सञ्चालन मोडेलबारे दीर्घकालीन व्यावसायिक योजना तयार गर्न उनले आग्रह गरिन् ।

दूरसञ्चारको राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय व्यावसायिक क्षेत्रमा देखिएका वर्तमान चुनौतीको असर नेपाल टेलिकममा पनि देखा पर्न थालेको बताउँदै मन्त्री शर्माले यस्तो विषम परिस्थितिमा कर्मचारी, सेयर लगानीकर्ता, कम्पनी सबैको हित रक्षा गर्दै कम्पनी सञ्चालन गर्नुपर्ने अवस्था उल्लेख गरिन्। साथै उनले कर्मचारीको सेवा सुरक्षालाई व्यवस्थित गर्न व्यवस्थापनबाट पहलकदमी भएको उल्लेख गर्दै योगदानमा आधारित पेन्सन योजना कार्यान्वयनमा गएको बताइन् ।

कार्यक्रममा मन्त्रालयलका सचिव एवं टेलिकमका अध्यक्ष रामकृष्ण सुवेदीले टेलिकमले राष्ट्र र जनताका लागि पुऱ्याएको सेवाको सरहाना गर्दै प्रतिपर्धी युगमा आफ्ना सेवा थप गुणस्तरीय र सुलभ बनाउने चुनौती रहेको बताए । साथै उनले टेलिकमले नाफासँगै सेवालाई पनि थप गुणस्तरीय बनाउँदै लैजानुपर्ने बताउँदै आफ्ना सेवाको विस्तारमार्फत सरकारको डिजिटल नेपालको अवधारणमा सहयोग गर्नुपर्ने उल्लेख गरे । सचिव सुवेदीले टेलिकमलाई आन्तरिक कार्यवातावरणलाई चुस्त बनाउन आग्रह गर्दै नेपाल सरकारका तर्फबाट टेलिकमललाई आवश्यक सहयोग हुने प्रतिबद्धतासमेत व्यक्त गरे ।

नेपाल दूरसञ्चार प्राधिकरणका कार्यबाहक अध्यक्ष नवराज अधिकारीले नेपालको दूरसञ्चार क्षेत्रको विकासमा टेलिकमको अहम् भूमिका रहेको उल्लेख गर्दै प्रविधिमा छिटोछिटो हुने विकाससँगै देखा परेका चुनौतीको सामना गर्न तयार रहिरहनुपर्ने बबताए । उनले यसका लागि क्षमता विस्तारलगायत कामको आवश्यकतामा जोड दिँदै नियामक निकाय दूरसञ्चार प्राधिकरणका तर्फबाट हुने आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । नेपाल टेलिकमका प्रबन्ध निर्देशक सङ्गीता पहाडी (अर्याल)ले संस्थाका गतिविधि र भावि कार्यक्रमबारे जानकारी गराउँदै कठिन परिस्थितिमा पनि कम्पनीका सेवालाई अविछिन्न रूपमा गुणस्तर कायम राख्दै सञ्चालन गर्नका लागि सरोकारवाला सबैबाट प्राप्त सहयोग र सद्भावका लागि आभार व्यक्त गरिन् ।

कम्पनीको कर्मचारी तर्फका सञ्चालक समिति सदस्य शंकर लामिछानेले सरकारको नीतिगत तथा अन्य आवश्यक सहयोग रहिरहेमा टेलिकमले सदैव गुणस्तरीय र सुलभ सेवा प्रदान गर्न सफल भइरहने उल्लेख गरे । उक्त अवसरमा विभिन्न कर्मचारीलाई दीर्घसेवा पदकबाट सुशोभित गरिएको थियो भने टेलिकम क्षेत्रको विविध विषयलाई समेटेर प्रकाशन गरेको स्मारिका विमोचन गरिएको थियो ।

कर्पोरेट

# ग्लोबल आइएमईका ग्राहकलाई दराजमा छुट




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडका कार्ड बाहक ग्राहकहरूलाई दराजबाट (डिमल खण्ड) अनलाइनमार्फत सामान किन्दा १५ प्रतिशतसम्म छुट पाउने योजना सार्वजनिक भएको छ। फेब्रुअरी ५ देखि अप्रिल ३० सम्म (३ महिना) सञ्चालनमा रहने यस छुट योजनाअन्तर्गत ग्राहकहरूले ग्लोबल आइएमई बैंकको भिजा डेबिट वा क्रेडिट कार्ड प्रयोग गरी दराजबाट अनलाइनमार्फत सामान खरिद गर्दा कुल खरिद मुल्यमा १५ प्रतिशतसम्म छुट पाउनेछन्। बैंकको डेबिट कार्ड प्रयोगकर्ताहरूले १० प्रतिशत वा रु.५०० सम्म र क्रेडिट कार्ड प्रयोगकर्ताहरूले १५ प्रतिशत वा रु.७५० सम्म छुट पाउनेछन्।

ग्लोबल आइएमई बैंकले दराज अनलाइन स्टोरसँग समन्वय गरी आफ्ना डेबिट र क्रेडिट कार्ड प्रयोगकर्ताहरूलाई विशेष छुटको अनुभव सुनिश्चित गर्दै आएको छ। यसरी बैंकले आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले यस्ता किसिमका समयसान्दर्भिक योजनाहरू ल्याएर ग्राहकहरूलाई लावान्भित गर्दै आएको छ।

ग्लोबल आइएमई बैंक मुलुकका ७७ वटै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले ३५६ शाखा कार्यालय, ३७८ एटिएम, २७४ शाखा रहित बैंकिङ्ग सेवा, ६५ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट ४५ लाखभन्दा बढी ग्राहकहरूमाझ सेवा प्रदान गरिरहेको छ।

त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिटान्स भित्र्याउँदै देशको अर्थ व्बयवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ।

# रेड्मीको नोट–१३ सिरिज नेपालमा

**काठमाडौं (प्रस)–** ग्लोबल टेक्नोलोजी लिडर शाओमीले एक भव्य कार्यक्रम आयोजना गर्दै नेपालमा रेडमी नोट १३ सिरिज सार्वजनिक गरेको छ। सोमबार होटल अलफ्टमा आयोजित एक शानदार लन्च कार्यक्रममा टेक ब्लगर्स तथा पत्रकारहरूको उपस्थितिमा शाओमीले आफ्नो रेड्मी नोट १३ सिरिज अन्तर्गत रेड्मी नोट १३ प्रो + फाइभ जि, रेड्मी नोट १३ प्रो, रेड्मी नोट १३ सार्वजनिक गरेको हो।




यी तीनै मोडेलहरूमा ग्राहकहरूले शक्तिशाली प्रोसेसर र उच्च -स्तरीय क्यामराको साथ स्मार्टफोनको नयाँ अनुभव पाउन सक्नेछन् । रेडमी १३ सिरिज मार्फत नयाँ स्टाइल, पर्फर्मेन्स र इनोभेसन प्रदान गर्दै शाओमीले नेपाली बजारमा उच्च गुणस्तरीय प्रविधि प्रदान गर्ने आफ्नो प्रतिबद्धतालाई निरन्तरता दिएको कम्पनीले जनाएको छ।

रेड्मी नोट १३ मिडनाइट ब्ल्याक, मिन्ट ग्रीन र आइस ब्लू कलरमा रु.२४,९९९ (६/१२८ जिबी) र रु. २७,९९९ (८/२५६) जिबीमा उपलब्ध हुनेछ।

त्यस्तै रेड्मी नोट १३ प्रो मिडनाइट ब्ल्याक, फरेस्ट ग्रीन र ल्याभेन्डर पर्पल कलरमा रु. ३४,९९९ (८/२५६ जिबी) र रु. ३९,९९९ (१२/५१२ जिबी) मा उपलब्ध हुनेछ। रेड्मी नोट १३ प्रो + फाइभ जि मिडनाइट ब्ल्याक, फरेस्ट ग्रीन र ल्याभेन्डर पर्पल कलरमा रु. ४७,९९९ (८/२५६ जिबी) र रु. ५२,९९९ (१२/५१२ जिबी) मा उपलब्ध हुने छ।

# नेप्सेमा दोहोरो अंकको सुधार

**काठमाडौं (प्रस)–** यस साता कारोबारको पहिलो दिन सामान्य अंकले घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोस्रो दिन भने दोहोरो अंकले बढेको छ । सोमबार नेप्से परिसूचक १४ दशमलव ५७ अंकले बढेर दुई हजार ७६ दशमलव २७ को विन्दुमा कायम भएको हो । सेयर बजारमा भएको कारोबार रकम रु दुई अर्ब ४३ करोड ८० लाख ५८ हजार दुई सय ५४ बराबर छ । तीन सय १० कम्पनीको ७४ लाख ९१ हजार तीन सय तीन कित्ता सेयर ५६ हजार सात सय ७६ पटक किनबेच भएको हो ।

होटल तथा पर्यटन समूह शून्य दशमलव २०, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ०९, म्युचुअल फन्ड शून्य दशमलव ०६ र निर्जीवन बीमा समूह शून्य दशमलव ४१ प्रतिशतले घटेको छ । अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै अन्य समूहको उपसूचक चार दशमलव ६८ प्रतिशतले बढेको छ। नेपाल दूरसञ्चार कम्पनी लिमिटेड र पिपुल्स पावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा छ दशमलव ७८ प्रतिशतको गिरावट देखिएको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु १८ करोड ५९ लाख पाँच हजार १४ बराबरको कारोबार भएको छ। कारोबार भएका सेयर संख्याका आधारमा भने ङादी पावर लिमिटेडको चार लाख ४७ हजार छ सय ६७ कित्ता किनबेच भएको छ ।

# पातीहाल्नेमा पर्यटकको घुइँचो

**बागलुङ–** बिहीबार विहानैदेखि परेको हिमपातले बागलुङ, रोल्पा र पूर्वीरुकुमको सिमानामा पर्ने पातीहाल्ने क्षेत्र सेताम्य छ । बागलुङको तल्लो क्षेत्रमा सामान्य वर्षा भए पनि माथिल्लो क्षेत्रमा पर्ने पातीहाल्ने हिउँले छोपिँदा पर्यटकको घुइँचो लागेको हो ।

बागलुङबाट मात्रै होइन, पूर्वीरुकुम, रोल्पा, जाजरकोट, गुल्मी, प्युठान र बुटवलदेखि हिउँ खेल्न मानिसहरू यहाँ आएका छन् । भारी हिमपातका कारण तीनसम्म पनि यस क्षेत्रमा हिउँ पग्लिएको छैन । हिउँ खेल्न पातीहाल्ने हिँडेका सबै पर्यटक अत्यधिक हिमपातले सडक अवरुद्ध हुँदा त्यहाँ पुग्न सकेका छैन ।

निसीखोला गाउँपालिकाले शुक्रबार र शनिबार दुई दिन मेसिन लगाएर सडक खुलाएपछि केही पर्यटक पातीहाल्ने पुग्न पाए । पर्यटकहरू पातीहाल्नेसँगै तिलाचन र रिगतालसम्म पुगेका छन् । पातीहाल्नेबाट करिब आधा घण्टाको पैदल यात्रामा तिलाचन र १५ मिनेटको पैदल यात्रामा रिगताल पुग्न सकिने निसीखोला-६ का स्थानीय वीरबहादुर विकको भनाइ छ । शुक्रबारदेखि दैनिक चार सयको हाराहारीमा पर्यटकहरू पातीहाल्नेतर्फ लागेको उनले बताए।

'पोहोर परारतिर यतिको मान्छे आउँदैनथे, अहिले त टाढा-टाढाबाट गाडी लिएर आएका छन्,' उनले भने, 'विहानदेखि पातीहाल्नेमा हिउँ खेल्नेको भिड छ।'

गुल्मीको मुसिकोटबाट हिउँ खेल्न आएका अभय घिमिरेले पहिलो पटक यही आएर हिउँ देखेको बताए । 'बुटवलबाट घर आएको बेलामा साथीहरूसँग पातीहाल्नेमा आउने मौका जुऱ्यो,' उनले भने, 'हामी आउँदा सडक सजिलो भएकाले समस्या भने भएन ।'

उनले पहिलो पटक हिउँमा खेल्न पाउँदा निकै रमाइलो लागेको अनुभव सुनाए । 'बागलुङ र रुकुमको सिमानामा धेरै मान्छेहरू घुम्न जान्छन् भन्ने सुनेको थिए तर यसपाली यहाँ आउने सपना पूरा भयो, त्यसमाथि हिउँसँग रमाउँदा निकै मज्जा लाग्यो,' उनले भने । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ